# बाह्य  नतिजा सुधारमा आन्तरिक मूल्याङ्कनको सान्दर्भिकता

यज्ञोदय दुधनाथ थारु बहुमुखी क्याम्पस अन्तर्गत अनुसन्धान समितिमा प्रस्तुत

लघु अनुसन्धान प्रतिवेदन


प्रस्तुतकर्ता

लक्ष्मी आचार्य

यज्ञोदय दुधनाथ थारु बहुमुखी क्याम्पस

शिक्षाशास्त्र सङ्काय


२०८०

# प्रतिबद्धता

यस लघु अनुसन्धान प्रतिवेदन भित्रका सामग्री कहीँ कतैबाट साभार गरिएको छैन । लिइएका सामग्रीलाई सन्दर्भसूचीमा राखिएका छन् । यसका कुनै पनि अंश अन्य प्रयोजनका लागि उपयोग र प्रकाशनमा आएका पनि छैनन् । त्यसकारण यो लघु अनुसन्धान प्रतिवेदन नितान्त मौलिक भएको प्रतिबद्धता व्यक्त गर्दछु ।

................

लक्ष्मी आचार्य

## मूल्याङ्कन तथा स्वीकृति पत्र

यज्ञोदय दुधनाथ थारु बहुमुखी क्याम्पस अनुसन्धान व्यवस्थापन समिति अन्तर्गत श्री लक्ष्मी आचार्यद्वारा 'बाह्य नतिजा सुधारमा आन्तरिक मूल्याङ्कनको सान्दर्भिकता' शीर्षकमा तयार गरिएको यो लघु अनुसन्धान उचित ठहरिएकाले स्वीकृति प्रदान गरिएको छ ।

अनुसन्धान मूल्याङ्कन समिति

| क्र.स. नाम | दस्तखत |
|---|---|
| १. | |
| २. | |
| ३. | |

मितिः.............

# कृतज्ञता ज्ञापन

प्रस्तुत बाह्यमा आन्तरिक मूल्याङ्कनको सान्दर्भिकता शीर्षकको लघु अनुसन्धान यज्ञोदय दुधनाथ थारु बहुमुखी क्याम्पस, अनुसन्धान व्यवस्थापन समितिको प्रयोजनार्थ तयार  गरिएको हो । शिक्षण सिकाइमा महत्त्वपूर्ण भूमिका खेल्ने मूल्याङ्कन प्रकियाको सान्दर्भिकतालाई केलाउँदै आन्तरिक मूल्याङ्कनद्वारा त्रिभुवन विश्वविद्यालयद्वारा लिइने वार्षिक तथा अन्तिम परीक्षाको उपलब्धिलाई अभिवृद्धि गर्ने उद्देश्यले गरिने आन्तरिक सञ्चालन परीक्षा के कस्तो अर्थमा सान्दर्भिक छ र अझ बढी उपलब्धि हासिल गर्न के कस्ता उपाय अपनाउन पर्दछ भन्ने विषयमा केन्द्रित रहेको छ । यस समितिबाट अनुसन्धान गर्ने मौका प्रदान गर्नु हुने तत्कालीन अनुसन्धान व्यवस्थापन समिति संयोजक दीपक काफ्ले र सम्पूर्ण सदस्यहरूप्रति धन्यवाद व्यक्त गर्दछु ।

अनुसन्धानका क्रममा आवश्यक सल्लाह सुझावका साथै परामर्श प्रदान गर्नु हुने विज्ञहरूलाई सम्मान गर्न चाहन्छु । अध्ययनका लागि  सामग्री सङ्कलन गर्न सहजता पुऱ्याउने यज्ञोदय दुधनाथ थारु बहुमुखी क्याम्पसका स्नातक तह र स्नातकोत्तर तहका विद्यार्थी भाइबहिनीहरूलाई धन्यवाद दिन चाहन्छु । मेरो अध्ययनमा विषेश सहयोग र हौसला प्रदान गर्नुहुने जीवनसाथी कमल चन्द्र पौडेल, समय व्यवस्थापनमा सहयोग पुऱ्याइदिने छोरा कृपेश र छोरी मान्यता तथा परिवारजनप्रति धन्यवाद प्रकट गर्दछु ।

लक्ष्मी आचार्य

# शोधसार

प्रस्तुत अध्ययन बाह्य नतिजा सुधारमा आन्तरिक परीक्षाको सान्दर्भिकतामा आधारित छ। शैक्षिक उपलब्धि अभिवृद्धि गर्न तथा विद्यार्थीहरूको स्तरोन्नतिका लागि मूल्याङ्कनको महत्त्वपूर्ण भूमिका रहन्छ। आन्तरिक मूल्याङ्कन निर्माणात्मक मूल्याङ्कन हो जसले विद्यार्थीहरूमा भएका अधिकतम कमी कमजोरीलाई हटाई शैक्षिक उपलब्धि हासिल गराउनका लागि विशेष योगदान पुऱ्याउँछ। विश्वविद्यालयमा सञ्चालित उच्च शिक्षाका शैक्षिक कार्यक्रमहरूमा आन्तरिक मूल्याङ्कनको सान्दर्भिकता पहिचानमा प्रस्तुत अध्ययन केन्द्रित छ।

यस अध्ययनमा गुणात्मक ढाँचा अन्तर्गत फेनोमेनोलोजीकल अध्ययन विधिलाई अवलम्बन गरिएको छ। सामुदायिक क्याम्पसमा स्नातक तथा स्नातकोत्तर तहमा अध्ययनरत् विद्यार्थीहरूलाई जनसङ्ख्याको रूपमा लिई तीसजना विद्यार्थीहरूलाई नमुनाको रूपमा लिइएको छ। आन्तरिक मूल्याङ्कनको सान्दर्भिकता पहिचान गर्नका लागि खुला प्रश्नावली, अन्तवार्ता लक्षित समूह छलफल गरी सामग्री सङ्कलन गरिएको छ। प्राथमिक स्रोतका लागि असंरचित प्रश्नावली, विद्यार्थीले आन्तरिक र बाह्य परीक्षामा प्राप्त गरेका प्राप्ताङ्कलाई तालिकीकरण गरी प्रस्तुत गरिएको छ भने द्वितीय स्रोतका लागि आन्तरिक परीक्षा सञ्चालन निर्देशिका, सन्दर्भ पुस्तक, शोधपत्र, लेख रचनालाई उपयोग गरिएको छ। प्राप्त सामग्रीलाई गुणात्मक अध्ययन विश्लेषण गर्ने क्रममा सिद्धान्त निर्माण गरी व्याख्या गरिएको छ।

बाह्य नतिजालाई अधिकतम उपलब्धिपूर्ण तुल्याउनका लागि आन्तरिक मूल्याङ्कनलाई सान्दर्भिक बनाउन आन्तरिक परीक्षा सञ्चालन वा परीक्षा प्रशासन, परीक्षा तालिका र आवधिकता, प्रश्नपत्र, प्राप्ताङ्कको सान्दर्भिकता, विद्यार्थीहरूको तयारी र संवेदनशीलता, पृष्ठपोषण र पुनर्बललाई महत्त्वपूर्ण मानिएको छ। असल परीक्षा निर्माणका यी पक्षहरूलाई ध्यानमा राखी विद्यार्थीलाई आन्तरिक परीक्षाप्रति संवेदनशील तथा तयार गराई वैध, विश्वसनीय, ढङ्गले आन्तरिक परीक्षा सञ्चालन गरी आवश्यक पुनर्बल तथा पृष्ठपोषण प्रदान गर्न सकेमा उच्च शिक्षामा अध्ययनरत् विद्यार्थीहरूको बाह्य नतिजामा सुधार ल्याई अधिकतम शैक्षिक उपलब्धि प्राप्त गर्न सकिन्छ।

आन्तरिक परीक्षालाई लिएर विद्यार्थीहरूमा दुविधा उत्पन्न हुने, उत्प्रेरित नहुने, परीक्षा समयतालिका नियमित नहुने, संवेदनशीलताको कमी जस्ता कारणले आन्तरिक परीक्षाप्रति वितृष्णा समेत देखिएकाले यस्ता समस्या समाधान गर्न विश्वविद्यालयमा सञ्चालित वार्षिक कार्यक्रमहरूमा समेत आन्तरिक

मूल्याङ्कनको व्यवस्था, प्रश्नपत्र निर्माण, पाठ्यक्रम परिमार्जनका लागि सेमिनार कार्यशाला गोष्ठी सञ्चालन गर्न आवश्यक पर्ने देखिन्छ। यस अध्ययनले आगामी दिनमा आन्तरिक मूल्याङ्कनका माध्यमबाट उच्च शिक्षाको उपलब्धि स्तर अभिवृद्धि गर्न मदत पुऱ्याउने विश्वास लिइएको छ ।

## विषयसूची

**पृष्ठ**

### एकाइ एक

### अध्ययनको परिचय


| | |
|---|---|
| परिचय | १ |
| समस्याकथन | २ |
| अध्ययनको उद्देश्य | ३ |
| अनुसन्धानात्मक प्रश्नहरू | ३ |
| सैद्धान्तिक पुनरावलोकन | ४ |
| पूर्वसाहित्यको पुनरावलोकन | ४ |
| अध्ययनको उपयोगिता | ९ |
| सीमाङ्कन | १० |
| एकाइ योजना | १० |


### एकाइ दुई

### अध्ययन विधि र पद्धति


| | |
|---|---|
| अध्ययन क्षेत्रको परिचय | ११ |
| अध्ययन ढाँचा | ११ |
| अवधारणात्मक रूपरेखा | १३ |
| अध्ययनको जनसङ्ख्या र नमुना छनोट | १४ |
| सामग्रीको स्रोत | १४ |

उपकरण निर्माण १४

तथ्याक सङ्कलन विधि १४

सामग्रीको विश्लेषण र व्याख्या १५

अध्ययनको नैतिक र सुरक्षाको पक्ष १५

विश्वसनीयता र वैधता १५

## एकाइ तीन

## आन्तरिक परीक्षाको अवस्था

आन्तरिक परीक्षाको व्यवस्था १६

आन्तरिक परीक्षा सञ्चालनका आधाहरू १६

आन्तरिक र बाह्य परीक्षामा प्राप्त प्राप्ताङ्कको विश्लेषण १७

## एकाइ चार

## आन्तरिक मूल्याङ्कनको सान्दर्भिकता

आन्तरिक मूल्याङ्कन २१

परीक्षा सञ्चालन वा परीक्षा प्रशासन २१

परीक्षा तालिका र आवधिकता २२

प्रश्नपत्र २२

प्राप्ताङ्कको सान्दर्भिकता २४

विद्यार्थीको तयारी र संवेदनशीलता २५

पृष्ठपोषण र पुनर्बल २६

## एकाइ पाँच

## सारांश र निष्कर्ष


| | |
|---|---|
| सारांश | २८ |
| निष्कर्ष | २८ |
| नीतिगत उपयोगिता | २९ |
| भावी अनुसन्धानका क्षेत्र | ३० |
| सन्दर्भग्रन्थ सूची | ३० |
| परिशिष्टः आन्तरिक परीक्षा सम्बन्धी खुला प्रश्नावली | ३३ |
| अन्तर्वार्ता र लक्षित समूह छलफल तालिका | ३४ |

# एकाइ एक

# अध्ययनको परिचय

## विषय परिचय

मूल्याङ्कनले शिक्षार्थीहरूको क्षमताको आकलन गरी शिक्षणको प्रभावकारिता समेत पहिल्याउन सक्दछ । मूल्याङ्कन नै यस्तो साधन हो जसका माध्यमबाट सिकाइ शिक्षण प्रक्रियालाई पथप्रदर्शन गर्दछ (अधिकारी ,२०५९)। मूल्याङ्कनकै सहयोगबाट विद्यार्थीहरूमा रहेका सबलता, दुर्बलता, प्राप्ति तथा सिर्जनात्मक पक्षको लेखाजोखा गर्दै अपेक्षित उद्देश्य हासिल गर्न गराउन उत्प्रेरणा तथा पृष्ठपोषण प्रदान गर्ने काम शिक्षकले गर्न सक्दछ । विद्यार्थी मूल्याङ्कनलाई निर्माणात्मक र निर्णयात्मक गरी दुई किसिमले गर्ने तय गरेको छ। मूल्याङ्कनका विभिन्न प्रकारहरू मध्ये निरन्तर विद्यार्थी मूल्याङ्कन निर्माणात्मक वा सुधारात्मक मूल्याङ्कनको एउटा रूप हो । सिकारुको शैक्षिक उपलब्धि वृद्धि गर्ने सुधारोन्मुख ढङ्गले अगाडि बढाउन निर्माणात्मक मूल्याङ्कनलाई विशेष जोड दिनुपर्ने हुन्छ । निर्माणात्मक मूल्याङ्कनले विद्यार्थीमा आउने परिवर्तनलाई केन्द्रमा राख्नु पर्दछ । विषयवस्तुको सिकाइ तथा सम्वद्ध अभ्यासात्मक कार्याकलापहरूमा आधारित भएर गरिने अनौपचारिक प्रकृतिको मूल्याङ्कन हो । एकपटक मूल्याङ्कन गरेर नपुग्ने, बारम्बार गरिरहनुपर्ने र विद्यार्थीहरूलाई पृष्ठपोषण दिइरहनुपर्ने सिकाइका सन्दर्भ तथा प्रसङ्गहरूमा औपचारिक तथा अनौपचारिक मूल्याङ्कन आवश्यक हुन्छ । यसरी गरिने मूल्याङ्कन संरचनात्मक प्रकृतिको हुनुका साथै आन्तरिक मूल्याङ्कनको गुणले युक्त हुन्छ । विद्यार्थीहरूमा ज्ञान सिप जस्ता अभिक्षमता अभिवृद्धि गर्दै पाठ्यक्रमले निर्दिष्ट गरेका ज्ञान, सिप र अभिवृत्ति हासिल गराउन आन्तरिक मूल्याङ्कनको महत्त्वपूर्ण भूमिका रहन्छ । आन्तरिक तथा प्रयोगात्मक मूल्याङ्कनका लागि प्रत्येक विद्यार्थीहरूको कार्यसञ्चयिका फाइल बनाई सोको आधारमा उनीहरूको कार्य, ती कार्य गरे पश्चात् उनीहरूमा आएको व्यवहार परिवर्तनको समेत अभिलेख राख्नुपर्दछ । उक्त अभिलेखका आधारमा अङ्क प्रदान गर्नु पर्दछ । शिक्षण सिकाइका क्रममा कक्षाकोठामा कक्षागत सिकाइका अभिन्न अङ्गका रूपमा रहने कक्षाकार्य, गृहकार्य, परियोजना कार्य सामुदायिक कार्य, अतिरिक्त क्रियाकलाप, एकाइ, परीक्षा, मासिक परीक्षा जस्ता मूल्याङ्कनका साधनहरूको उपयोग गरी विद्यार्थीको मूल्याङ्कन गर्नुपर्दछ । यस्तो मूल्याङ्कनका लागि

विद्यार्थी अभिलेख राखी सोही अभिलेखका आधारमा विद्यार्थीहरूको सिकाइ स्तरसमेत निर्धारण गर्न सकिन्छ । त्यस्ता प्रक्रियाले बाह्य नतिजामा सकारात्मक प्रभाव पार्दछ भन्ने सान्दर्भिकता पहिचान गर्न यो अध्ययन महत्त्वपूर्ण रहनेछ ।

**समस्याकथन**

सामान्यतया लेखाजोखालाई अर्को शब्दमा मूल्याङ्कन भन्ने गरिन्छ । मूल्याङ्कन शिक्षण सिकाइसँग प्रत्यक्ष सम्बन्ध राख्ने शब्द हो । शिक्षण पश्चात सिकाइ प्राप्तिको लेखाजोखा मूल्याङ्कनबाट नै गरिन्छ । मानव समाजको स्थापना विकास र विस्तारसँगै प्रत्यक्ष रूपमा कुनै पनि वस्तु, घटना, अवस्थाको लेखाजोखा गर्नु मूल्याङ्कन हो जसरी सिकाइ जन्मदेखि मृत्युपर्यन्त चल्छ त्यसरी नै मूल्याङ्कन पनि सिकाइ रहुञ्जेलसम्म चलिरहेको हुन्छ । शैक्षिक क्षेत्रमा महत्त्वपूर्ण भूमिकामा देखिएको मूल्याङ्कन प्रक्रियाले विद्यार्थीहरूले निर्धारित उद्देश्य हासिल गरे वा गरेनन् भन्ने विषयमा जानकारी हुनुपर्दछ । विशेष गरी मूल्याङ्कन परीक्षा प्रणालीमा सुधार गर्न, प्रभावकारी शैक्षिक प्रणाली निर्माण गर्न, शिक्षण सिकाइमा सुधार गर्न, शैक्षिक निर्णयका लागि आवश्यक तथ्याङ्क उपलब्ध गराउन , शैक्षिक उद्देश्य परिपूर्ति गर्न, स्तर निर्धारण कार्यत्रक्रममा आवश्यकता अनुसार स्तर निर्धारण गर्नका लागि मूल्याङ्कन गर्न जरुरी हुन्छ ।

उच्च शिक्षा अर्थात विश्वविद्यालयीय तहमा अध्ययरत् वार्षिक प्रणालीका विद्यार्थीहरूका लागि विश्वविद्यालयीय पाठ्यक्रममा आन्तरिक मूल्याङ्कन परिपाटी रहेको छैन् । वार्षिक प्रणालीमा अध्ययनरत् विद्यार्थीहरूले पठनपाठन पश्चात एकैपटक विश्वविद्यालयद्वारा सञ्चालित बाह्य परीक्षामा सम्मिलित हुनुपर्ने अवस्था विद्यमान भएको वर्तमान अवस्थामा त्रिभुवन विश्वविद्यालयद्वारा सम्बन्धन प्राप्त गरी समुदाय स्तरमा सञ्चालित सामुदायिक क्याम्पसहरूले आआफ्नो शैक्षिक कार्यतालिका अनुरूप प्रत्येक तह र वर्षमा आन्तरिक परीक्षा सञ्चालन गरी सिकाइ उपलब्धि अभिवृद्धि गर्न खोजिएको अवस्थामा यसको सान्दर्भिकता खोज्ने प्रयास गरिएको छ ।

मूल्याङ्कनलाई निर्माणात्मक र निर्णयात्मक दुई प्रक्रिया निर्धारण गरेको छ । निर्णयात्मक मूल्याङ्कनका लागि निर्माणात्मक मूल्याङ्कनमा उपयोग गरिएका मूल्याङ्कन प्रकियाका रूपमा क्याम्पसमा सञ्चालन गर्दै आइरहेको आन्तरिक मूल्याङ्कनले बाह्य नतिजामा कस्तो किसिमको प्रभाव पार्न सक्छ ? विद्यार्थीहरूको मूल्याङ्कनको दृष्टिकोण, अभ्यास र प्रयोग कस्तो छ ? सोको अध्ययन गरी सिकाइलाई प्रभावकारी बनाउन आवश्यक छ । क्याम्पसमा आन्तरिक परीक्षा सञ्चालन गरिरहेको अवस्थामा त्यसबाट

विद्यार्थीहरू प्रत्यक्ष लाभान्वित भएका छन् वा छैनन ? त्यस सम्बन्धमा विद्यार्थीहरूको दृष्टिकोण अध्ययनको विषय बनेको छ । आन्तरिक परीक्षाप्रति विद्यार्थीहरूको दृष्टिकोण पत्ता लगाउनु  समस्याकथन रहनेछ ।

**अध्ययनको उद्देश्य**

शिक्षणका कममा मूल्याङ्कन प्रत्यक्षतः विद्यार्थीसँग सरोकार राख्ने विषय हो । मूल्याङ्कन बोध र अभिव्यक्ति क्षमताको परीक्षणका साथै विद्यार्थीको ज्ञान, सिप र अभिवृत्ति परीक्षणका लागि गरिन्छ । विद्यार्थीहरूमा बढीभन्दा बढी उपलब्धि हासिल गराउनका लागि आन्तरिक मूल्याङ्कन आजको अपरिहार्य आवश्यकता हो । यति हुँदाहुँदै पनि हाम्रो मूल्याङ्कनीय परिपाटीमा आमूल परिवर्तन आउन नसकेको र परम्परागत ढङ्गले नै मूल्याङ्कन भइरहेको अवस्थामा यसको अध्ययन गरी अवस्था पहिचान गरी आवश्यक सुधार गर्नु यस अध्ययनको उद्देश्य रहनेछन् । ती उद्देश्यहरू यस प्रकार रहनेछन् :

१.आन्तरिक परीक्षामा सहभागी विद्यार्थीहरूको बाह्य परीक्षाको नतिजाको सान्दर्भिकता अध्ययन गर्नु,

२. आन्तरिक परीक्षाप्रति विद्यार्थीहरूको दृष्टिकोण पत्ता लगाउनु,

**अनुसन्धान प्रश्नहरू**

यस अध्ययनमा यस प्रकारका अनुसन्धान प्रश्न रहने छन्:

१.आन्तरिक परीक्षामा सहभागी विद्यार्थीहरूको बाह्य परीक्षाको नतिजाको अवस्था कस्तो रहेको छ ?

२. स्नातक तथा स्नातकोत्तर तहमा अध्ययनरत् विद्यार्थीहरूको आन्तरिक परीक्षाप्रतिको दृष्टिकोण कस्तो छ ?

**सैद्धान्तिक पुनरावलोकन**

शिक्षण सिकाइका ऋममा विद्यार्थीहरूले के कति उपलब्धि हासिल गरे ? सिकाइ कसरी भइरहेको छ ? सुधार्नु पर्ने पक्षहरूमा के के रहेका छन् ? भन्ने सिकाइ  सम्बन्धित प्रक्रियाको  लेखाजोखा गर्नका लागि मूल्याङ्कन अपरिहार्य हुन्छ । विद्यार्थीको मूल्याङ्कनका लागि सञ्चालन गरिने परीक्षा योजना अनुसार हुनुपर्छ । विद्यार्थीको सिकाइको लेखाजोखा आकलन गर्नका लागि औपचारिकताका तहहरूका आधारमा विश्लेषण गरिन्छ । शिक्षण सिकाइका कममा शिक्षार्थीमा देखिन सक्ने समस्यालाई लेखाजोखा गर्न शैक्षिक

योजना कार्यान्वयनकै निरन्तर रूपमा गरिने मूल्याङ्कनलाई रचनात्मक वा सुधारात्मक मूल्याङ्कन मान्न सकिन्छ ।

शैक्षिक कार्यक्रम सञ्चालनकै क्रममा विद्यार्थीहरूका कमी कमजोरी सुधार गर्ने उद्देश्यले निर्माणात्मक मूल्याङ्कन गरिन्छ । Formative evaluation is conducted to monitor the instructional process, to determine whether learning is taking place as planned.(EBEL and FRISBIE, 1991). नेपालको शिक्षा प्रणालीमा विद्यालयीय शिक्षामा निर्माणात्मक मूल्याङ्कनले महत्त्वपूर्ण हिस्सा ओगटेको भए पनि उच्च शिक्षाको वार्षिक प्रणालीमा निर्माणात्मक मूल्याङ्कनलाई समेट्न सकेको देखिदैन । यद्यपि सेमेष्टर प्रणालीबाट सञ्चालित कार्यक्रम Internal assessment को व्यवस्था तथा आन्तरिक मूल्याङ्कनका माध्यमबाट केही सुधार गर्न सकिने देखिन्छ । सिकारुमा पैदा गराउने तथा सिकाइप्रति उत्प्रेरणा, पृष्ठपोषण प्रदान गर्ने कार्यमा निर्माणात्मक मूल्याङ्कन अत्यन्त फलदायी हुने देखिन्छ ।

मूल्याङ्कनलाई वैधता प्रदान गर्न तथा शैक्षिक उपलब्धिको लेखा जोखा गरी सिकाइ उपलब्धिको प्रामाणिकताका लागि निर्णयात्मक मूल्याङ्कन गर्न जरूरी देखिन्छ । Robert L.Eble (1991), Summative evaluation is conducted at the end of an instructional segment to determine if learning is sufficently completed to warrant moving the learner to the next Segment of instruction. निर्णयात्मक मूल्याङ्कन शैक्षिक योजना कार्यान्वयनको अन्तिम चरणमा गरिन्छ । यसले विद्यार्थीको योग्यता वा स्तर निर्धारण गर्न निर्णय लिन सहयोग पुऱ्याउँछ । यसमा विद्यार्थीको स्तर निर्धारण गर्न अङ्क प्रदान गरिन्छ भने अङ्कका आधारमा नै उत्तीर्ण अनुत्तीर्ण छुट्याइन्छ । नेपालको शिक्षा प्रणालीमा निर्णयात्मक मूल्याङ्कनले अहम् हिस्सा ओगटेको देखिन्छ । प्रत्येक कक्षाकोठामा सत्रान्तमा लिइने परीक्षादेखि विश्वविद्यालयका शैक्षिक कार्यक्रममा समेत निर्णयात्मक मूल्याङ्कनको अहम भूमिका रहेको छ । यसले विद्यार्थीको दक्षता परीक्षणदेखि लिएर प्रमाण पत्र प्रदान समेत गर्दछ । विशेष गरी वार्षिक प्रणालीमा निर्णयात्मक मूल्याङ्कनले महत्त्वपूर्ण स्थान लिएको देखिन्छ । विद्यार्थीलाई स्तरोन्नति गर्न, उपलब्धि प्रमाणित गरी प्रमाणपत्र प्रदान गर्न कार्यक्रमको प्रभावकारिता लेखाजोखा गर्दै कार्यक्रमलाई विश्वसनीय र वैध तुल्याउन सकिन्छ ।

## पूर्वसाहित्यको पुनरावलोकन

'बाह्य नतिजा सुधारमा आन्तरिक मूल्याङ्कनको सान्दर्भिकता' अध्ययनका लागि आन्तरिक मूल्याङ्कनका आधार सम्बद्ध सामग्री तथा कार्यहरू, आन्तरिक मूल्याङ्कनको अवस्था सम्बद्ध सामग्री तथा कार्यहरू, मूल्याङ्कन सम्बद्ध सामग्री सम्बन्धित पुस्तक, लेख रचना, शोधप्रबन्ध आदि सामग्रीहरूको पुनरावलोकन गरी प्रस्तुत गरिएको छ ।

बजारगन (सन् २०००) ले इरानको विश्वविद्यालय शिक्षामा सन् १९७१ को इस्लामिक क्रान्ति पछि विद्यार्थीको भर्नादर तीव्र रूपले वृद्धि भइरहेको अवस्थामा उच्च शिक्षामा भर्नादर वृद्धिको सान्दर्भिकता र गुणस्तर सुधारको वृद्धिको अवस्था पत्ता लगाउनका लागि पूर्व आत्ममूल्याङ्कन, परियोजनाबाट प्राप्त नतिजामा केन्द्रित गर्नका लागि आन्तरिक मूल्याङ्कनको आवश्यक रहेको र यसबाट उच्च शिक्षामा सान्दर्भिकता र गुणस्तर सकिने अपेक्षा गर्न सकिने निष्कर्ष निकालेका छन् ।

Taras (सन् २०००) ले उच्च शिक्षामा नवप्रर्वतन रहितको मूल्याङ्कनविना सिकाइ सुधार गर्न कठिनाइ हुने देखिन्छ । स्वतन्त्र र जीवन्तपर्यन्त चल्ने सिकाइका क्रममा उपलब्धि स्तरमा सुधार ल्याउनका लागि सिकाइ स्वयम् जिम्मेवार हुनुपर्ने निर्माणात्मक मूल्याङ्कनको अवधारणाबाट नै सिकाइ सुधारको विकल्प हुन सक्दछ । विद्यार्थीहरूलाई मूलधारको निर्णयात्मक मूल्याङ्कनमा समावेश नगरी सुधार गर्न नसकिने तर्क अघि सार्दै सिकाइमा उपलब्ध समस्याको समाधान गर्न लागि विद्यार्थी सिकाइ र रचनात्मक मूल्याङ्कनको अनिवार्यता शैक्षणिक तथ्याङ्कको खोजी र गहिरो सिकाइले विद्यार्थीको कार्यसम्पादन क्षमता अभिवृद्धि गर्न महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ भन्ने निष्कर्ष निकालेका छन् ।

योर्क (सन् २००३) ले शिक्षण सिकाइमा निर्माणात्मक मूल्याङ्कनको महत्त्वलाई स्वीकार गर्दा गर्दै पनि उच्च शिक्षातर्फ यसलाई राम्ररी बुझ्न नसकिरहेको अवस्था छ । अनुशासनात्मक ज्ञान विज्ञान, बौद्धिक, नैतिक विकासका सिद्धान्तहरूप्रति प्रतिक्रिया दिँदै मनोवैज्ञानिकतालाई ध्यानमा राखी शैक्षिक अभ्यासको विकासमा योगदान पुऱ्याउनका लागि उच्च शिक्षामा प्रारम्भिक मूल्याङ्कन सिद्धान्त बारे छलफल तथा निर्माणात्मक मूल्याङ्कन सिद्धान्तको छलफल गर्न प्रेरित गर्दछ भन्दछन् ।

डिलन (सन् २०११) ले मूल्याङ्कन प्रभावकारी निर्देशनका लागि हुन्छ भन्ने बेन्जामिन ब्लुमको कार्यमार्फत कक्षा कोठाका विद्यार्थीहरूको वैयक्तिकीकरणमा गरिएको प्रयोगबाट सिकाइमा अन्तर्निहित प्रतिक्रियाको प्रभाव पत्ता लगाउन गरिएको अध्ययनमा मूल्याङ्कनलाई अध्ययनको अभिन्न अङ्ग मान्दा सिकाइ परिणाम

सुधार गर्न सकिन्छ भन्ने निष्कर्ष निकालेका छन् । निर्माणात्मक मूल्याङ्कनले मूल्याङ्कनलाई सैद्धान्तिक बनाउन कक्षाकोठाका रणनीतिहरू र व्यावहारिक प्रविधि उपयोग गर्दै विद्यार्थीहरूको संलग्नता बढाउँदै सिकाउँदै सिकाइ उपलब्धिलाई सुधार गर्दै लैजान सकिन्छ भने निष्कर्ष निकालेका छन् ।

Florez and Sammons (सन् २०१३)ले विद्यालयहरूले विद्यार्थीको नतिजामा सकारात्मक प्रभाव पार्न सक्छ भन्ने विचार विद्यालय सुधारको अनुसन्धान र उत्सुकताको वृद्धिको महत्त्वपूर्ण सञ्चालन हो । सिकाइको मूल्याङ्कनमा केन्द्रित रही गरिएको अध्ययनमा सिकाइलाई प्रर्वधन गर्नु सिकाइका लागि मूल्याङ्कन गर्नुलाई लिइएको छ । विषय विभागहरूलाई प्रोत्साहित गर्न सक्रिय रूपमा सहपाठीहरूको अवलोकन गरी विद्यार्थीहरूलाई रचनात्मक अभ्यास पहिचान गर्न मदत गर्नु आवश्यक हुन्छ। शिक्षकहरूले लामो समय लगाएर योजना निमार्ण गरी नीति निर्माण र अभ्यासका लागि दिशा निर्देश गर्नुपर्ने निष्कर्ष निकालेका छन् ।

एस हुसैन अन पुलिङ र अन्य (सन् २०१४) ले प्रेडिक्सन मोडेल स्टुडेन्ट पर्फमेन्स बेस्ड अन इन्टरनल एसेसमेन्ट युजिङ डिप लर्निंङमा शैक्षिक तथ्याङ्कको खोजी र गहिरो सिकाइले शैक्षिक रूपमा कमजोर विद्यार्थीहरूको पहिचान गर्न र उनीहरूको कार्य सम्पादन, क्षमता अभिवृद्धि गर्नका लागि विभिन्न किसिमका शैक्षिक प्रणालीहरूको विकास गर्न सकिनुका साथै इतिहासको गर्भमा लुकेका शैलीहरूले भविष्यको योजना निर्माण गर्न समेत निर्देशन दिने कुरा उल्लेख गर्दै उपलब्धिको भविष्यवाणी गर्न कृत्रिम प्रतिरक्षा प्रणाली जस्ता विधिको तुलना गर्दै विभिन्न किसिमका शैक्षिक प्रणालीहरूको विकास गर्न सकिने निष्कर्ष निकालेका छन् ।

ब्ल्याक एन्ड विलियम (सन् १९९८) का अनुसार प्रारम्भिक कक्षाकोठाको मूल्याङ्कनमा अनुसन्धानलाई महत्त्व दिए पश्चात सिकाइका लागि मूल्याङ्कन शीर्षकमा अध्ययन गरेका अध्येताले प्रस्तुत गरेको प्रतिवेदनमा सिकाइका लागि मूल्याङ्कन मुख्यतः पाँच रणनीतिमा केन्द्रित रहेको निष्कर्ष निकालिएको छ । स्पष्टीकरण र सिकाइका उद्देश्यमा सफलता प्राप्त गर्न सिकाइका मापदण्डलाई साझेदारी गर्ने, कक्षाकोठामा छलफल, प्रश्न वा सिकाइका कार्यकलापहरू मार्फत विद्यार्थीहरूलाई प्रामाणिक सिकाइ अवसर सिर्जना गर्ने, विद्यार्थी स्वयम्को सिकाइलाई थपोट हुने गरी रचनात्मक प्रतिक्रिया प्रदान गर्ने, छलफल र सहपाठी मूल्याङ्कनद्वारा सिकाइ अनुभव साटासाट गर्न विद्यार्थीहरूलाई सहयोग गर्ने र आत्ममूल्याङ्कन र आत्मनियमन मार्फत विद्यार्थीहरूलाई आफ्नै सिकाइको एजेन्टका रूपमा सक्रिय बनाउने

रणनीतिलाई जोड दिदैं सिकाइका लागि मूल्याङ्कन सिद्धान्तमा अनुसन्धानलाई केन्द्रित गरेका छन् (हेन्टिक र अन्य, सन् २०१६) ।

जोएलर र अन्य (सन् २०१६) का अनुसार डेभलपमेन्ट अफ इन्टरनल सिस्टम अफ एजुकेसन क्वालिटी एसेसमेन्ट एट अ युनिभर्सिटीमा विश्वविद्यालयहरूको शिक्षामा गुणस्तर सुनिश्चित गर्नका आन्तरिक प्रणालीको विकास गर्नुपर्ने देखिन्छ । विश्वविद्यालयहरूमा शैक्षिक गतिविधिको लागि आन्तरिक मूल्याङ्कन प्रणालीको विकासको प्रमाणीकरण गर्नु मुख्य उद्देश्य राखिएको यस अध्ययमा शिक्षण Teacher Modeling (शिक्षक मोडलिङ), निर्देशनात्मक ढाँचा, सैद्धान्तिक विश्लेषण र उच्च शिक्षामा गुणस्तर मूल्याङ्कनको क्षेत्रमा शैक्षिक अभ्यास समीक्षालाई अनुसन्धानको विधिका रूपमा लिएको थियो ।

खनाल (२०१९) द्वारा आन्तरिक मूल्याङ्कनको प्रभावकारिता सम्बन्धी विद्यार्थी दृष्टिकोणको सेमेस्टरगत तुलना गर्दा हाल सञ्चालित सेमेस्टर प्रणालीमा आन्तरिक मूल्याङ्कनको प्रयोगवस्था, विद्यार्थीहरू

को दृष्टिकोण पहिल्याउने प्रयास गरिएको छ । सत्र अनुसारका विद्यार्थीहरूका फरक फरक दृष्टिकोण पाइएको छ भने विद्यार्थीहरूबाट प्राप्त प्रतिक्रियाका तथ्यलाई विश्लेषण गर्दा आन्तरिक मूल्याङ्कन सैद्धान्तिक रूपमा विद्यार्थीका निम्ति उपयोगी तथा सान्दर्भिक भए पनि व्यवहारिक रूपमा प्रभावकारी बन्न नसकेको स्पष्ट पारिएको छ ।

पौडेल(२०१९) द्वारा नेपाली भाषाशिक्षकको निरन्तर विद्यार्थी मूल्याङ्कनको अध्ययनमा अधिकांश शिक्षकहरूले निरन्तर मूल्याङ्कनको प्रभाव सकारात्मक रहेको बताएका छन् । निरन्तर विद्यार्थी मूल्याङ्कनका क्रममा शिक्षकहरूले धेरै प्रकृतिका समस्या भोग्नु परेको र त्यस्ता समस्याका समाधानका लागि शिक्षक, विद्यार्थी र प्रशासनले समय व्यवस्थापन देखिका कार्यमा सक्रियता बढाउनुपर्ने देखिन्छ । निरन्तर विद्यार्थी मूल्याङ्कनलाई नियमित/अनौपचारिक, निराकरणत्मक तथा भाषिक सिपको मूल्याङ्कनका रूपमा रहेको देखिन्छ । आन्तरिक मूल्याङ्कन केवल औपचारिकतामा मात्र सीमित रहेकाले यस्तो मूल्याङ्कनलाई उपलब्धिपूर्ण तुल्याउन शिक्षक, विद्यार्थी र विद्यालय प्रशासनको समन्वयको आवश्यकता महसुस गरिएको छ ।

लुइँटेल (सन् २०१९) द्वारा कक्षा कोठामा गरिने मूल्याङ्कन विद्यार्थीहरूमा भएका कार्य सम्पादन क्षमता तथा अध्यापकका शिक्षण रणनीतिहरूको सुधार गरी उपलब्धि कसरी अभिवृद्धि गराउन सकिन्छ भन्ने उद्देश्यका साथ त्रिभुवन विश्वविद्यालयका विभिन्न सङ्कायका सदस्यहरूबाट तथ्याङ्क सङ्कलन गरी

गरिएको गुणात्मक ढाँचाको अध्ययनमा कक्षाकोठाको उपलब्धिको मूल्याङ्कन मात्र नभई विद्यार्थीको उपलब्धिमा सुधार ल्याउनमा केन्द्रित हुनुपर्ने र उच्च शिक्षाका विद्यार्थीहरूमा यस्ता मूल्याङ्कनले रचनात्मकता, आत्म-चिन्तनशीलता, नवीनता र समस्या समाधानकर्ताका रूपमा परिपक्व हुनका लागि प्रेरित गर्छ भन्ने निष्कर्ष निकालिएको छ ।

खनाल ( २०२१ ) द्वारा आन्तरिक मूल्याङ्कनमा परीक्षणका प्रमुख गुणप्रति सरोकारवालाको दृष्टिकोणमा शिक्षाशास्त्र स्नातकोत्तर तहमा अध्ययनरत् विद्यार्थीहरूलाई लिई गरिएको अध्ययनमा आन्तरिक मूल्याङ्कनबाट प्राप्त भएको परीक्षणको विश्वसनीयता तथा वैधतामा शिक्षकको दृष्टिकोण नकारात्मक रहेको तथा मूल्याङ्कनगत जटिलता देखा परेकाले शिक्षक बढी जिम्मेवार बनी मूल्याङ्कनमा बाधा पुग्ने किसिमका प्रभाव कम गर्नुपर्ने दृष्टिकोण रहेको देखिन्छ ।

माध्यमिक शिक्षा पाठ्क्रम २०७६ ले मूल्याङ्कनलाई निर्माणात्मक र निर्णयात्मक दुई प्रक्रिया निर्धारण गरेको छ । निर्णयात्मक मूल्याङ्कनका लागि निर्माणात्मक मूल्याङ्कनमा उपयोग गरिएका मूल्याङ्कन प्रक्रिया, साधनहरू तिनीहरूको अभिलेखीकरणलाई समेत आधार बनाउन निर्देशन दिएको छ । विद्यार्थीहरूको कक्षोन्नति वा स्तरोन्नति निर्णयात्मक मूल्याङ्कनद्वारा गरिए पनि निर्माणात्मक वा निरन्तर मूल्याङ्कन कक्षाकार्य, गृहकार्य परियोजना कार्य घटना अवलोकन तथा अध्ययन, रचनात्मक कार्य, छलफल, अतिरिक्त क्रियाकलाप, भाषिक व्यवहारको अवलोकन र तिनको अभिलेखीकरण जस्ता साधनको उपयोग गरिने र व्याकरणको मूल्याङ्कन कार्यमूलक प्रकृतिको हुने उल्लेख गरिएको छ। यसले माध्यमिक तहको नेपाली भाषा शिक्षणका लागि आन्तरिक मूल्याङ्कन भार २५ प्रतिशत छुट्याएको छ। यस विषयको आन्तरिक मूल्याङ्कनमा कक्षा सहभागिता, कक्षाकार्य, परियोजना कार्य, विषयवस्तुको मूल्याङ्कन तथा आन्तरिक परीक्षाबाट प्राप्त विद्यार्थीको सिकाइ उपलब्धिलाई समेटिनु पर्दछ । यसैलाई आधार मानी माध्यमिक तहका कक्षामा नेपाली भाषा शिक्षण आन्तरिक तथा प्रयोगात्मक मूल्याङ्कनलाई कार्यान्वयनमा ल्याएको छ ।

विद्यालय तहमा आन्तरिक मूल्याङ्कनका लागि अङ्कभारको व्यवस्था गरेको भए पनि त्रिभुवन विश्वविद्यालयका सेमेष्टर प्रणाली बाहेकका कक्षाहरूमा भने आन्तरिक मूल्याङ्कनको व्यवस्था हुन नसकिरहेको अवस्थामा विशेष गरी समुदायस्तरमा खोलिएका सामुदायिक क्याम्पसहरूले शैक्षिक गुणस्तर

सुधार गर्ने उद्देश्यले आन्तरिक परीक्षा सञ्चालन गरिहेको अवस्थामा यसको सान्दर्भिकता अध्ययन गर्नु यसको उद्देश्य रहेको छ ।

**अध्ययनको उपयोगिता**

प्रस्तुत अध्ययन उच्च शिक्षामा अध्ययनरत् विद्यार्थीहरूको उपलब्धि अभिवृद्धिमा आधारित छ । शिक्षणका क्रममा अपेक्षित उपलब्धि हासिल  गर्न सके या सकेनन् भनी मापन गर्ने लेखाजोखा गर्ने कार्य मूल्याङ्कनले गर्दछ । मूल्याङ्कनकै माध्यमबाट विद्यार्थीको उपलब्धि लोखाजोखा गरिन्छ । नेपालको शिक्षा प्रणालीमा विद्यालय शिक्षामा आन्तरिक परीक्षाका रूपमा निर्माणात्मक मूल्याङ्कनको  व्यवस्था गरिएको भए पनि उच्च शिक्षाको वार्षिक प्रणालीमा यस किसिमको आन्तरिक मूल्याङ्कनको व्यवस्था गरिएको छैन् । यस्तो अवस्थामा विद्यार्थीहरूमा पठन संस्कृतिलाई बढाउँदै अभ्यास, पुनरावृत्ति र पृष्ठपोषणका माध्यमबाट शैक्षिक स्तर सुधार्नका लागि यो अध्ययन औचित्यपूर्ण मानिएको छ । यस अध्ययनको उपयोगितालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

१. विद्यार्थीहरूको उपलब्धि स्तर अभिवृद्धि गराउन

२.आन्तरिक परीक्षाको सान्दर्भिकता पहिल्याउन

३. आन्तरिक र बाह्य परीक्षामा प्राप्त प्राप्ताङ्कको सान्दर्भिकताको खोजी गर्न

४. आन्तरिक परीक्षा सञ्चालनको अवस्था पहिचान गर्न

५. विद्यार्थीहरूका अभिमतका आधारमा आन्तरिक मूल्याङ्कनप्रति अभिरुचि पहिचान गर्न

६.आन्तरिक मूल्याङ्कन प्रणालीको विकासका लागि विश्वविद्यालयलाई नीति निर्माणमा सहयोग पुऱ्याउन ।

**सीमाङ्कन**

प्रस्तुत अध्ययन स्नातक तथा स्नातकोत्तर तहमा अध्ययनरत् विद्यार्थीहरूमा केन्द्रित छ । शुद्धोधन गाउँपालिकाको सामुदायिक क्याम्पस यज्ञोदय दुधनाथ थारु बहुमुखी क्याम्पसमा स्नातक तह र स्नातकोत्तर तहमा भर्ना भई आन्तरिक तथा बाह्य परीक्षामा सहभागी भई नतिजासमेत प्राप्त गरेका विद्यार्थीहरूमा यो अध्ययन सीमित गरिएको छ । विद्यार्थीसँगको प्रत्यक्ष कुराकानी, लक्षित समूह छलफलका माध्यमबाट

३० जना विद्यार्थीहरूको सहभागिता तथा आन्तरिक परीक्षा सञ्चालनको अवस्थालाई आधार मानी अध्ययनलाई  निष्कर्षमुखी बनाइएको छ ।

**एकाइ योजना**

एकाइ एक :अध्ययनको परिचय

एकाइ दुई :अध्ययन विधि र पद्धति

एकाइ तीन :आन्तरिक परीक्षाको अवस्था

एकाइ चार : तथ्याङ्क सङ्कलन तथा विश्लेषण

एकाइ पाँचः निष्कर्ष , सुझाव तथा  शैक्षिक उपयोगिता

# एकाइ दुई

# अध्ययन विधि र पद्धति

## अध्ययन क्षेत्रको परिचय

प्रस्तुत अध्ययन बाह्य नतिजामा आन्तरिक मूल्याङ्कनको सान्दर्भिकतासँग सम्बन्धित छ । उच्च शिक्षा अर्थात् विश्वविद्यालयीय तहमा अध्ययरत् वार्षिक प्रणालीका विद्यार्थीहरूका लागि विश्वविद्यालयीय पाठ्यक्रममा आन्तरिक मूल्याङ्कन परिपाटी रहेको छैन् । वार्षिक प्रणालीमा अध्ययनरत् विद्यार्थीहरूले पठनपाठन पश्चात एकैपटक विश्वविद्यालयद्वारा सञ्चालित बाह्य परीक्षामा सम्मिलित हुनु पर्ने अवस्था विद्यमान भएको वर्तमान अवस्थामा त्रिभुवन विश्वविद्यालयद्वारा सम्बन्धन प्राप्त गरी समुदायस्तरमा सञ्चालित सामुदायिक क्याम्पसहरूले आआफ्नो शैक्षिक कार्यतालिका अनुरूप प्रत्येक तह र वर्षमा आन्तरिक परीक्षा सञ्चालन गरी सिकाइ उपलब्धि अभिवृद्धि गर्न खोजिएको अवस्थामा यसको सान्दर्भिकता खोज्ने प्रयास गरिएको छ । यस अध्ययनका क्रममा आन्तरिक मूल्याङ्कनको सान्दर्भिकता पत्ता लगाउन सामुदायिक क्याम्पसलाई अध्ययन क्षेत्र मानी सामग्री सङ्कलन गरिएको छ । स्नातक तह र स्नातकोत्तर तहमा अध्ययनरत् विद्यार्थीहरूको जीवन्त अनुभवलाई मुख्य अध्ययन क्षेत्र मानिएको छ ।

## अध्ययन ढाँचा

अध्ययन विधि र प्रक्रियामा अध्ययनका क्रममा खोज कार्य कसरी सम्पन्न गरिएको छ भन्ने कुरामा केन्द्रित रहने हुनाले बाह्य नतिजा सुधारमा आन्तरिक मूल्याङ्कनको सान्दर्भिकता अध्ययनका आन्तरिक मूल्याङ्कन प्रणालीलाई सामग्रीको रूपमा उपयोग गरिएको छ । अध्ययनका कममा मूल्याङ्कनका आवश्यकीय पक्षहरूमा रहेर विद्वानहरूले गरेका अनुसन्धानमा आधारित रही उच्च शिक्षा प्रदायक संस्थामा आन्तरिक परीक्षा सञ्चालन कार्यविधि निर्माणलाई समेत आधार बनाइएको छ । मूल रूपमा आन्तरिक र बाह्य दुवै परीक्षामा सहभागी विद्यार्थीहरूको प्रतिकिया र आन्तरिक बाह्य दुवै परीक्षामा प्राप्त प्राप्ताङ्कलाई व्याख्या, विश्लेषण गरिएको छ ।


गुणात्मक ढाँचामा फेनामेनोलोजीलाई अध्ययन विधिका रूपमा प्रयोगमा ल्याइएको यस अध्ययनमा आन्तरिक तथा बाह्य परीक्षामा सम्मिलित विद्यार्थीहरूको जीवन्त अनुभवलाई आधार मानिएको छ । स्नातक र स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरूलाई क्याम्पसद्वारा आफ्नै क्याम्पसमा सञ्चालन गर्दै

आइरहेको आन्तरिक परीक्षा र त्यसको सान्दर्भिकता अध्ययन गर्ने क्रममा तीस जना विद्यार्थीहरूलाई उद्देश्यपूर्ण नमुना सङ्कलन विधिद्वारा, नमुना सङ्कलन गरी तीन वटा लक्षित समूह छलफल र अन्तर्वाताका माध्यमबाट सामग्री सङ्कलन गरी आगमनात्मक विधिद्वारा सङ्कलित शाब्दिक सामग्रीलाई विश्लेषण गरी निष्कर्ष निकालिएको छ Vygotsky (1978) Social constructivist Theory, Mack (2010) Interpretive paradigm लाई अध्ययनको आधार मानी उपयोग गरिएको छ। The adoption of the constructivist theory implies that is worldview manifest in phenomenological studies in which dividuals describe their experiences (Creswell, 1998.p.p.25) प्रस्तुत अध्ययन गुणात्मक ढाँचामा अन्तर्गत फेनोमेनोलोजीकल अध्ययन विधिलाई अवलम्वन गर्न व्यक्तिगत अन्तर्वाता, समूह अन्तर्वार्ता, अंसरचित खुला प्रश्नावली र लक्षित समूह छलफललाई सामग्री सङ्कलनको माध्यम बनाइएको छ ।

**अवधारणात्मक ढाँचा**

बाह्य नतिजा सुधारमा आन्तरिक परीक्षाको सान्दर्भिकता सम्बन्धी अध्ययनमा निम्नलिखित अवधारणात्मक ढाँचा रहेको छ :

रेखाचित्र १.



उपर्युक्त आरेखमा प्रस्तुत भए अनुसार मूल्याङ्कन प्रणालीका बारेका वर्णनात्मक पद्धति अपनाएर गुणात्मक अध्ययन गरिएको छ । यसमा आन्तरिक मूल्याङ्कन कार्यविधि, आन्तरिक र बाह्य परीक्षामा प्राप्त प्राप्ताङ्कको तालिकीकरण गरी विश्लेषण गरिएको छ। यसमा आन्तरिक परीक्षा सञ्चालन कार्यविधिको विश्लेषण गरिएको छ भने अर्कोतिर आन्तरिक मूल्याङ्कन, परीक्षा सञ्चालन वा परीक्षा प्रशासन, परीक्षा तालिका र आवधिकता, प्रश्नपत्र, प्राप्ताङ्कको सान्दर्भिकता, विद्यार्थीको तयारी र संवेदनशीलता, पृष्ठपोषण र पुनर्बलमा आधारित रही लक्षित समूह छलफल, अन्तर्वार्ताबाट प्राप्त सूचनाहरूलाई सिद्धान्तका आधारमा पुष्टि गरिएको छ। यस अध्ययनमा बहुतथ्यमा आधारित सामग्रीको अध्ययनपश्चात आन्तरिक परीक्षाको सान्दर्भिकता पहिल्याई निष्कर्षमा पुगिएको छ।

## अध्ययनको जनसङ्ख्या र नमुना छनोट

यस अध्ययनमा आवश्यक प्रतिनिधि नमुनाको छनोट, सामग्री सङ्कलनका रुपन्देही जिल्लाको शुद्धोधन गाउँपालिका अन्तर्गतका यज्ञोदय दुधनाथ थारु बहुमुखी क्याम्पसका स्नातक तह स्नातकोत्तर तहमा अध्ययनरत् बाह्य परीक्षामा सम्मिलित भई सकेका विद्यार्थीहरू मध्येबाट उद्देश्यपूर्ण नमुना छनोट प्रक्रिया अपनाएर स्नातक तह शिक्षाशास्त्र तथा व्यवस्थापन सङ्कायका छात्रछात्राहरूलाई मूल जनसङ्ख्याको रूपमा लिई प्रतिनिधिमूलक नमुना छनोट गरिएको छ। संरचित तथा असंरचित प्रश्नावलीका माध्यमबाट सामग्री सङ्कलन गरिएको छ। विद्यार्थीहरूले दिएका उत्तरलाई सामग्री सङ्कलनको मूल आधार बनाएर प्राप्त सामग्रीको विश्लेषण गरिएको छ।

## सामग्रीको स्रोत

यस अध्ययनका लागि प्राथमिक र द्वितीयक दुवै स्रोतबाट सामग्री सङ्कलन गरी उपयोग गरिएको छ। व्यक्तिगत अन्तर्वार्ता, समूह अन्तर्वाता, खुला प्रश्नावली र लक्षित समूह छलफल, क्याम्पसमा विद्यार्थीका आन्तरिक र बाह्य परीक्षामा प्राप्त प्राप्ताङ्कलाई प्राथमिक स्रोतका रूपमा लिइएको छ भने विभिन्न पुस्तक, शोधग्रन्थ तथा लेखहरूलाई द्वितीयक स्रोत सामग्रीका रूपमा लिइएको छ।

## उपकरण निर्माण

यस अध्ययनका लागि सामग्री सङ्कलनका लागि खुला किसिमका असंरचित प्रश्नावलीको निर्माण गरिएको छ। तीनवटा लक्षित समूहमा छलफल, चार जना विद्यार्थीहरूसँग अन्तर्वार्ताका लागि असंरचित प्रश्नावली

निर्माण गरिएको छ। परीक्षा शाखामा रहेका आन्तरिक र बाह्य परीक्षामा प्राप्ताङ्कलाई उपयोग गरिएको छ।

### तथ्याङ्क सङ्कलन विधि

यस अध्ययनका लागि उद्देश्यपूर्ण नमुना छनोटमा परेका विद्यार्थीहरू मध्येबाट व्यक्तिगत अन्तर्वार्ता, कुराकानी, लाक्षित समूह छलफलद्वारा शाब्दिक सामग्री सङ्कलन गरिएको छ भने परीक्षा शाखामा रहेको परीक्षाका अभिलेखबाट छनोटमा परेका विद्यार्थीहरूको आन्तरिक र बाह्य परीक्षाको प्राप्ताङ्कलाई तथ्याङ्कका रूपमा सङ्कलन गरिएको छ।

### सामग्रीको विश्लेषण र व्याख्या

यस अध्ययनमा नमुनाका रूपमा आन्तरिक र बाह्य दुवै परीक्षामा सहभागी विद्यार्थीहरूबाट सङ्कलित अभिमत र कुराकानीबाट प्राप्त सामग्रीलाई ट्रान्सक्राइब गरिएको छ। प्राप्त शाब्दिक सामग्रीलाई कोडिङ गरिएको छ र अन्तमा मिल्दा मिल्दा बुँदाहरूलाई समेटेर सिद्धान्त निर्माण गरी सोही सिद्धान्तलाई आधार मानी विद्यार्थीहरूकै अभिमतलाई मुख्य सार निर्माण गरी विश्लेषण गरिएको छ। आन्तरिक र बाह्य दुवै परीक्षामा सहभागी विद्यार्थीहरूले प्राप्त नतिजालाई तालिकीकरण गरी विश्लेषण गरिएको छ।

### अध्ययनको नैतिक र सुरक्षाको पक्ष

प्रस्तुत अध्ययनका लागि सहभागी विद्यार्थीहरूलाई अनुरोध गरी अर्न्तवार्तामा सहभागी गराइयो भने लामो समयसम्म पटक पटक आन्तरिक परीक्षामा सहभागी भएर बाह्य परीक्षामा समेत सहभागी भएका विद्यार्थीहरूको सहमतिमा शाब्दिक सामग्री सङ्कलन गरिएको छ। आन्तरिक परीक्षा र बाह्य परीक्षामा प्राप्त प्राप्ताङ्कलाई विश्लेषण गर्दा सहभागीहरूको परिचयलाई बाह्य प्रस्तुतीकरणमा ल्याइएको छैन्। सहभागीको अनुमतिविना कुनै किसिमका सूचना लिने कार्य गरिएको छैन्।

### विश्वसनीयता र वैधता

सहभागीहरूबाट सही र वास्तविक शाब्दिक सामग्री ल्याउनका लागि सामग्री निर्माणकै क्रममा ध्यान दिनुपर्ने भएकाले खुला किसिमका असंरचित प्रश्नावलीको उपयोग गरिएको छ। वस्तुपरक र विषयपरक प्रश्नलाई प्राथमिकतामा राखी अध्ययनका क्रममा आवश्यक पर्ने सूचना प्राप्तिका लागि गहिराइमा पुग्ने प्रयास गरिएको छ भने अध्ययन क्षेत्रभित्र पर्ने सबै विषयलाई समेटिएको छ।

प्रस्तुत अध्ययनमा  आन्तरिक तथा बाह्य दुवै परीक्षमा सम्मिलित शिक्षार्थीहरूको आन्तरिक परीक्षाप्रतिको अभिमत पहिचान गर्नका लागि आन्तरिक मूल्याङ्कनका लागि क्याम्पसमा सञ्चालन गरिने आन्तरिक परीक्षासँग सम्बन्धित खुला तथा संरचित प्रश्नावली निर्माण गरी अभिमत सङ्कलन गरिएको छ। आन्तरिक परीक्षाको सान्दर्भिकता जनाउन सक्ने प्रश्नपत्र परीक्षा, प्राप्ताङ्क, उत्तरपुस्तिका, पृष्ठपोषण, परीक्षा सञ्चालन अवधि र यसको सान्दर्भिकतालाई लिएर मत सङ्कलन  गरिएको छ।

# एकाइ तीन

# आन्तरिक परीक्षाको अवस्था

## आन्तरिक परीक्षाको व्यवस्था

नेपालमा उच्च शिक्षा अर्थात विश्वविद्यालयीय शिक्षाको वार्षिक प्रणालीमा आन्तरिक परीक्षाको व्यवस्था गरिएको छैन । समुदायस्तरमा सञ्चालित सामुदायिक क्याम्पसहरूले आआफ्नै किसिमका कार्यविधि निर्माण गरी आन्तरिक परीक्षा सञ्चालन गर्दै आइरहेको अवस्था देखिन्छ । यसै क्रममा क्याम्पसको शैक्षिक गुणस्तरलाई कायम राखी अझ माथि उकास्न तथा अध्ययनरत विद्यार्थीहरूको सिकाइ उपलब्धिलाई उच्च बनाउनका लागि हरेक सङ्कायअन्तर्गत सञ्चालित वर्ष तथा सेमेष्टरमा एक शैक्षिक सत्रको कम्तीमा ३ पटक आन्तरिक परीक्षा र क्याम्पसमा सञ्चालित सङ्कायहरू अन्तर्गत प्रथम वर्षमा भर्ना हुनु अगावै प्रवेश परीक्षा सञ्चालन तथा व्यवस्थापन गर्ने उद्देश्य अनुरूप आन्तरिक परीक्षा सञ्चालन निर्देशिका २०७७ तयार पारिएको छ ।

आन्तरिक परीक्षा सञ्चालन निर्देशिका २०७७ का अनुसार क्याम्पसमा एउटा आन्तरिक परीक्षा सञ्चालन समिति रहने र उक्त समितिद्वारा आन्तरिक परीक्षाको योजना, परीक्षा सञ्चालन, नतिजा प्रकाशन तथा पुरस्कार वितरण, नतिजा तथा प्राप्ताङ्क विश्लेषण गरी विद्यार्थीहरूलाई आवश्यक पृष्ठपोषण प्रदान गरी वार्षिक परीक्षाको नतिजालाई उपलब्धिपूर्ण र उत्कृष्ट तुल्याउन मद्दत गरेको देखिन्छ । यसरी योजनाबद्ध ढङ्गले आन्तरिक परीक्षाको व्यवस्था गर्दा विद्यार्थीहरूमाा पठन संस्कृतिको विकास हुने तथा बारम्बार अभ्यास तथा पुनरावृत्तिका कारणले उत्कृष्ट नतिजा ल्याउन सजिलो देखिएको छ ।

## आन्तरिक परीक्षा सञ्चालनका आधाहरू

क्याम्पसको शैक्षिक गणस्तर सुधार तथा क्याम्पसमा गठित परीक्षा समितिद्वारा सञ्चालन हुने आन्तरिक परीक्षा तथा सम्बन्धन प्राप्त विश्व विद्यालयद्वारा सञ्चालन हुने वार्षिक परीक्षाका क्रियाकलापकलाई प्रविधिमैत्री, चुस्त दुरुस्त, व्यवस्थित र प्रभावकारी ढङ्गले सञ्चालन गर्न, विद्यार्थीको सिकाइ उपलब्धिलाई अभिवृद्धि गर्न उचित र आवश्यक पृष्ठपोषण प्रदान गर्न सञ्चालन गरिने आन्तरिक परीक्षाका आधारहरू निर्धारण गरिएको छ ।

आन्तरिक परीक्षा सञ्चालन निर्देशिका २०७७ अनुसार आन्तरिक परीक्षा सञ्चालनको मुख्य आधार सम्बन्धन प्राप्त विश्वविद्यालयले तोकेको सम्बन्धित विषयको पूर्णाङ्क र पाठ्यभारमा आधारित भएर सञ्चालन गर्ने प्रावधान रहेको छ । त्यसका लागि कुल पाठ्यभारको कक्षा सञ्चालनको प्रतिशतमा आधारित रही आन्तरिक परीक्षा लिइने प्रावधान रहेको छ ।

पहिलो आन्तरिक परीक्षा सञ्चालनका लागि विश्व विद्यालयले तोकेको पाठ्यभारको २५ प्रतिशत पाठ्यभार पुरा भएको हुनु पर्ने, दोस्रो आन्तरिक परीक्षा ६० देखि ७० प्रतिशत पाठ्यभार पुरा भएको हुनुपर्ने र तेस्रो तथा अन्तिम आन्तरिक परीक्षा सत् प्रतिशत पाठ्यभार अध्यापन गरिसकेपछि शैक्षिक सत्रको अन्त्यमा सञ्चालन गरिने प्रावधान उल्लेख भए बमोजिमका परीक्षाहरू आन्तरिक परीक्षा समितिद्वारा  सञ्चालन गर्ने व्यवस्था रहेको छ ।

आन्तरिक परीक्षा सञ्चालन गर्दा आवश्यक पर्ने परीक्षा सञ्चालन कार्यविधि तथा प्रक्रिया निर्माण गरी प्रश्नपत्र निर्माण, परीक्षा सञ्चालन, उत्तरपुस्तिका परीक्षण, नतिजा प्रकाशन, पुरस्कार र दण्डको  समेत व्यव्स्था गरिएको छ ।

यसरी क्याम्पसद्वारा आन्तरिक तहमै सञ्चालन गरिने आन्तरिक परीक्षामा प्राप्त प्राप्ताङ्क र बाह्य नतिजाबाट प्राप्त प्राप्ताङ्कलाई अध्ययन गर्नका लागि आन्तरिक र बाह्य परीक्षामा सहभागी विद्यार्थीहरूको प्राप्ताङ्कलाई यस प्रकार प्रस्तुत गरिएको छ :

**आन्तरिक  र बाह्य परीक्षामा प्राप्त प्राप्ताङ्कको विश्लेषण**

**तालिका १**

| विद्यार्थी क्र.सं. | विषयकोड | प्राप्ताङ्क | | | | |
|---|---|---|---|---|---|---|
| | ४१२ | ४११ | ४०१ | ४१६ | ४१७ | ४१८ |
| १आन्तरिक | २४ | ३२ | ३० | ८ | ३३ | अनुपस्थित |
| बाह्य | २९ | २६ | ४८ | ४० | २८ | २५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ आन्तरिक | २० | २२ | ३६ | ३६ | ३१ | ३६ |
| बाह्य | २९ | २७ | ४१ | ३५ | २८ | २० |
| ३ आन्तरिक | २४ | ३२ | २२ | १६ | २९ | अनुपस्थित |
| बाह्य | २९ | १७ | २० | ३५ | ३५ | २४ |
| ४ आन्तरिक | १४ | ३० | ४६ | १० | अनुपस्थित | अनुपस्थित |
| बाह्य | २५ | २५ | ४२ | ३६ | ३५ | १८ |
| ५ आन्तरिक | १४ | ३० | ३६ | १८ | ३० | ३६ |
| बाह्य | २० | १९ | ३७ | ४० | ४८ | २९ |
| ६ आन्तरिक | २० | ३६ | ३६ | ३६ | ४१ | ४४ |
| बाह्य | ४९ | २८ | ३७ | ४० | ४८ | २९ |
| ७ आन्तरिक | ४० | ३८ | ४४ | ३८ | ३८ | ५० |
| बाह्य | २८ | १८ | ३५ | ४३ | ४१ | २४ |
| ८ आन्तरिक | ३६ | २८ | ३० | २२ | ३७ | अनुपस्थित |
| बाह्य | ३५ | १८ | ३५ | ३६ | ४६ | ३५ |
| ९आन्तरिक | १८ | ३२ | ४४ | अनुपस्थित | ३८ | ३६ |
| बाह्य | ३५ | १६ | ३७ | २५ | ३५ | ३६ |
| १०आन्तरिक | ४० | ३० | ६२ | ३९ | ४८ | ५६ |
| बाह्य | ५० | २१ | ५७ | ५२ | ४९ | ३९ |
| ११आन्तरिक | अनुपस्थित | ८ | ३६ | अनुपस्थित | अनुपस्थित | अनुपस्थित |
| बाह्य | २७ | ४ | ३६ | २९ | ३८ | २६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२आन्तरिक | २८ | ३६ | ३८ | ३६ | ४० | ३८ |
| बाह्य | ३९ | २७ | ४५ | ३५ | ३९ | ३५ |
| १३आन्तरिक | १२ | २० | ३२ | २६ | ४४ | २० |
| बाह्य | १७ | १४ | ३५ | ३७ | अनुपस्थित | अनुपस्थित |
| १४आन्तरिक | २० | २६ | ३६ | १० | ३० | अनुपस्थित |
| बाह्य | २२ | २६ | ३५ | २८ | ३५ | २३ |
| १५आन्तरिक | २८ | २८ | ५० | ३८ | ३५ | ३६ |
| बाह्य | ४० | १९ | ५१ | ३५ | ५० | ३५ |
| १६आन्तरिक | १६ | २८ | ४० | ४२ | ३६ | ३६ |
| बाह्य | २० | १६ | ३६ | ३९ | ३६ | ३२ |
| १७आन्तरिक | ५४ | ६८ | ४० | ७२ | ६६ | |
| बाह्य | ४५ | ३५ | ६६ | ६३ | ८३ | |
| १८आन्तरिक | २ | ४६ | ४८ | ६६ | ५६ | |
| बाह्य | १९ | ५० | २३ | ४६ | ६३ | |
| १९आन्तरिक | ३६ | ६० | २८ | ६४ | ४४ | |
| बाह्य | ३७ | ४१ | ३९ | ५३ | ५७ | |
| २०आन्तरिक | १८ | अनुपस्थित | अनुपस्थित | अनुपस्थित | १८ | |
| बाह्य | ३८ | ६५ | ५४ | ६० | ७१ | |
| २१आन्तरिक | १० | २८ | ३८ | ४८ | १४ | |
| बाह्य | २३ | ३९ | १८ | ४२ | ३५ | |
| २२आन्तरिक | ५० | ६८ | २६ | अनुपस्थित | ६ | |
| बाह्य | ४३ | ४७ | २९ | ५३ | ५८ | |

| | | | | | |
|---|---|---|---|---|---|
| २३आन्तरिक | १६ | ३० | ५० | ४८ | ३६ |
| बाह्य | २१ | ३६ | २२ | ३९ | ४५ |
| २४आन्तरिक | ४० | ५४ | ६० | ७६ | ५० |
| बाह्य | ४१ | ७२ | ५५ | ६५ | ९४ |

स्रोतः आन्तरिक परीक्षा सञ्चालन समिति

तालिका नं.१ मा यज्ञोदय दुधनाथ थारू बहुमुखी क्याम्पसमा रहेको आन्तरिक परीक्षा सञ्चालन समितिद्वारा लिइएको आन्तरिक परीक्षा र त्रिभुवन विश्वविद्यालयद्वारा लिइएको बाह्य परीक्षामा सम्मिलित विद्यार्थीहरूले ती दुवै परीक्षामा प्राप्त गरेको प्राप्ताङ्कलाई प्रस्तुत गरिएको छ । आन्तरिक परीक्षामा सहभागी भई त्यसको अनुभवसहित बाह्य परीक्षामा सहभागी विद्यार्थीहरूले प्राप्त गर्ने प्राप्ताङ्क मिल्दोजुल्दो देखिन्छ । आन्तरिक परीक्षामा उत्तीर्ण विद्यार्थीहरूमा पनि केही विद्यार्थीहरूले बाह्य परीक्षामा पाएकोमा प्राप्ताङ्क राम्रो देखिन्छ । केही विद्यार्थीहरूले आन्तरिक परीक्षामा केही विषयमा सहभागिता जनाए पनि केही विषयमा असहभागिता जनाएको देखिन्छ । बाह्य परीक्षामा भने सम्पूर्ण विद्यार्थीहरूको सहभागिता देख्न सकिन्छ । आन्तरिक परीक्षामा  प्राप्त गरेको अङ्कसँग  बाह्य परीक्षाको प्राप्ताङ्कमा निकटता देख्न सकिन्छ । क्याम्पसमा सञ्चालित परीक्षामा अनुपस्थिति विद्यार्थीहरूले भने कम अङ्क प्राप्त गरेको देख्न सकिन्छ । आन्तरिक परीक्षा र बाह्य परीक्षामा प्राप्त प्राप्ताङ्क कतिपय अवस्था भिन्न देखिएको छ । परीक्षाप्रति विद्यार्थीहरूले कम जवाफदेहिता राख्ने र उपस्थितिका लागि अरुचि देखाई अनुपस्थित हुँदा बाह्य परीक्षाको प्राप्ताङ्कमा कमी देख्न सकिन्छ । विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कलाई आधार मान्दा विद्यार्थीहरूलाई परीक्षामा बढी भन्दा बढी उपस्थितिका साथै सक्रिय सहभागी गराउन सकिएमा बाह्य परीक्षाको नतिजामा उपलब्धि वृद्धि गर्न सकिने कुरा तालिकामा प्रस्तुत तथ्यले पुष्टि गर्दछ ।

### आन्तरिक मूल्याङ्कनको सान्दर्भिकता

बाह्य नतिजामा आन्तरिक मूल्याङ्कनको सान्दर्भिकता सम्बन्धमा व्यक्तिगत अन्तर्वार्ता लक्षित समूह छलफल प्राप्ताङ्कको तुलनाबाट प्राप्त शाब्दिक सामग्री पृष्ठपोषण र पुनर्बल, परीक्षण प्रश्नपत्र, विद्यार्थीको तयारी, प्राप्ताङ्कलाई विश्लेषण गरिन्छ ।

### आन्तरिक मूल्याङ्कन

आन्तरिक मूल्याङ्कन सिकारुहरूको बोध क्षमताको मूल्याङ्कन गर्ने एउटा प्रकिया हो । यस्तो प्रकिया शिक्षण संस्थामा निर्धारित पाठ्यक्रमको अध्यापन पश्चात विद्यार्थीहरूले प्रदर्शन गर्ने व्यवहारको मूल्याङ्कन गरिन्छ । यस्तो प्रकियामा शैक्षिक कार्यक्रमका सरोकारवाला पक्षबाहेक अन्य बाह्य तत्त्वको आवश्यकता पर्दैन । विशेष गरी आन्तरिक मूल्याङ्कनले अन्तिम मूल्याङ्कनलाई मदत पुऱ्याउँछ । आन्तरिक परीक्षामा पूर्ण तयारीका साथ सहभागी हुने विद्यार्थीले बाह्य परीक्षालाई तनावपूर्ण अवस्थाबाट गुज्रनु पर्दैन भने विषयगत ज्ञान आर्जनका क्रममा देखिएका समस्याहरूको समाधान गर्दै अगाडि बढ्ने अवसर प्राप्त हुन्छ । यस्ता परीक्षाले विद्यार्थीलाई अभ्यास र पुनरावृत्ति अवसर प्राप्त हुने मात्र होइन विद्यार्थी सिकाइमा निरन्तरता र परिपक्वता प्रदान गर्दछ ।

आन्तरिक मूल्याङ्कन निरन्तर प्रक्रिया रूपमा सञ्चालन भइरहने हुनाले बाह्य परीक्षालाई सहयोग पुऱ्याइरहेको हुन्छ । आन्तरिक परीक्षामा विद्यार्थीहरूले प्रदर्शन गरेका सिपलाई आधार मान्दै अध्यापकले अधिकतम सिकाइ उपलब्धि हासिल गराउनका लागि शिक्षण विधिमा परिवर्तन गर्न सक्दछ । अर्कातर्फ पाठ्यक्रममा भएका कमी कमजोरीहरूलाई समयमै समाधान गर्ने अवसर समेत प्राप्त हुन्छ ।

### परीक्षा सञ्चालन वा परीक्षा प्रशासन

परीक्षा जहिले पनि योजनाअनुसार सञ्चालन गरिन्छ । परीक्षा सञ्चालन गर्नुको प्रमुख उद्देश्य विद्यार्थीलाई उनीहरूको योग्यता, सिप र ज्ञान प्रदर्शन गर्ने अवसर प्रदान गर्नु हो । यसका लागि केही अत्यावश्यकीय तत्त्वहरू महत्त्वपूर्ण मानिन्छन् । परीक्षा निर्माणका तत्त्वहरूका रूपमा समग्र योजना, कथन दाबी र क्षेत्रको परिभाषित, विषयवस्तुको विशिष्टीकरण, प्रश्नपत्र विकास तथा निर्माण, परीक्षाको ढाँचा र आबद्धता, परीक्षाको उत्पादन, परीक्षाको प्रशासन, अङ्कन, cut scores (Establish defensible cut scores

consistent with the purpose of the test) परीक्षाको अङ्कन प्रतिवेदन, परीक्षाको सुरक्षा, परीक्षाको अभिलेखीकरण गरी १२ वटा तत्त्वहरू आवश्यक पर्दछन् (Mccallin, 2015)। परीक्षा जहिले पनि योजनाअनुसार सञ्चालन गरिन्छ। परीक्षा सञ्चालन गर्नुको प्रमुख उद्देश्य विद्यार्थीलाई उनीहरूको योग्यता, सिप र ज्ञान प्रदर्शन गर्ने अवसर प्रदान गर्नु हो । त्यसैले यसका लागि परीक्षा प्रशासनको महत्त्वपूर्ण भूमिका उपयुक्त ढाँचामा हुनु पर्दछ जसले गर्दा विद्यार्थीले आफ्नो क्षमता, दक्षता, योग्यता प्रदर्शन गर्ने मौका प्राप्त गर्दछ। परीक्षा सञ्चालनका लागि भौतिक र मनोवैज्ञानिक वातावरण निर्माणमा जोड दिनुपर्छ । परीक्षाप्रति सकारात्मक धारणा निर्माण गरी उपलब्धिका लागि उत्प्रेरणा अभिवृद्धि गर्नु आवश्यक हुन्छ भने त्यसका लागि नियमहरू स्पष्ट गर्नु विद्यार्थीहरूमा उत्पन्न हुने दुविधाहरू कम गर्ने गरी व्यवस्था मिलाउनुपर्ने हुन्छ ।

परीक्षाको प्रमुख उद्देश्य विद्यार्थीहरूको सिकाइ उपलब्धि परीक्षण गरी आगामी दिशानिर्देश गर्नुपर्दछ । परीक्षाको मुख्य उद्देश्य विद्यार्थीहरूको सिकाइ उपलब्धि सम्बन्धी वैध जानकारी प्राप्त गर्नु हो (खनाल र अधिकारी, २०६८)। परीक्षा सञ्चालन गर्दा परीक्षाको उद्देश्यलाई केन्द्रमा राखी परीक्षार्थीहरूलाई विना अवरोध आफ्नो क्षमता प्रदर्शन गर्न सक्ने गरी सञ्चालन गर्नुपर्दछ। परीक्षा सञ्चालनका क्रममा प्रश्नपत्र र उत्तरपुस्तिका वितरण, विद्यार्थीको उत्तरपुस्तिका परीक्षण, विद्यार्थीहरूको अनुगमन गर्ने, परीक्षामा आइपर्ने बाधा अडचन कम गर्ने, समयप्रति सचेतता प्रदान गर्ने, जस्ता सतही कुराले परीक्षा प्रभावित हुन सक्छ। आन्तरिक परीक्षा सञ्चालनका क्रममा यस्ता पक्षहरूलाई निरीक्षकले गम्भिरतापूर्वक नलिने गरेको सहभागीहरूको सूचनाबाट पाइयो ।

विश्वविद्यालयद्वारा परीक्षा सम्बन्धी निरीक्षक तथा केन्द्राध्यक्षको भूमिका, काम, कर्तव्य र जिम्मेवारी निर्धारण गरिदिएको भए पनि क्याम्पसमा आन्तरिक परीक्षामा ती नियमहरूको पूर्णतः पालन नगरेको पाइयो । परीक्षा प्रशासनको सवालमा पनि परीक्षामा विद्यार्थीहरूले निरीक्षक तथा सुपरिवेक्षकले सही ढङ्गले कार्य नगरेको स्थिति पाइयो। आन्तरिक परीक्षाको नतिजाले आफूहरूमा सकारात्मक पुनर्बल पैदा भएकोले भविष्य सकारात्मक हुने कुरामा विश्वस्त रहेको देखियो । The discovery of facts and practices concerning reinforcement in the past 25 years " have increased our power to predict and control behaviour and in so doing have left no doubt of their reality and importance (Skinner, B.F., 1958)। शिक्षामा पुनर्बलको भूमिका रहने हुनाले आन्तरिक परीक्षाबाट विद्यार्थीले प्राप्त गर्ने पृष्ठपोषणले सकारात्मक पुनर्बल प्राप्त गरेको पाइयो । उत्प्रेरणाले

विद्यार्थीलाई लक्षित उद्देश्य प्राप्तिका लागि उत्साहित गर्ने हुँदा उत्प्रेरणाका लागि पुनर्बलको महवपूर्ण भूमिका रहन्छ। आन्तरिक परीक्षामा सहभागी विद्यार्थीहरूलाई प्रदान गरिने पुरस्कारले उत्प्रेरणा पैदा गराइ सकारात्मक पुनर्बल प्रदान गरेको र अध्यापकद्वारा प्रदान गरिएको पृष्ठपोषणले सिकाइलाई सबलीकृत गराउँदै उपलब्धिको नजिक पुऱ्याउन सक्ने देखिन्छ।

**परीक्षा तालिका र आवधिकता**

परीक्षाको समयतालिका निर्धारण गर्नु चुनौतिपूर्ण कार्य हो। प्रत्येक शैक्षिक वर्षको लागि शैक्षिक सत्र प्रारम्भ हुनु अगावै परीक्षाको समय तालिका निर्धारण गर्न आवश्यक हुन्छ। मूल्याङ्कनका लागि स्वचालित परीक्षा समयतालिका लागु गर्नुपर्ने अवस्था भए पनि विश्वविद्यालयद्वारा त्यस्ता तालिका निर्माण, प्रकाशन, सम्प्रेषण र कार्यान्यवन नभएको अवस्थामा परीक्षा सञ्चालन गर्न भइरहेको देखिन्छ। विश्वविद्यालयद्वारा परीक्षा तालिका कार्यान्वयनमा चुस्त दुरुस्तता नअपनाउँदा सामुदायिक क्याम्पसहरूले निर्माण गरेका शैक्षिक कार्यतालिकालाई कार्यान्वयन गर्न समेत कठिनाइ परेको अवस्था देखिन्छ। बाह्य नतिजामा आन्तरिक मूल्याङ्कनको सान्दर्भिकताको अध्ययनका क्रममा नमुनाको रूपमा सहभागी विद्यार्थीहरूले आन्तरिक परीक्षाको समयको व्यवस्थापन र आवधिकतालाई महत्त्वको साथ लिइएको पाइयो। शैक्षिक सत्र प्रारम्भ भएको यति नै अवधिमा बाह्य परीक्षामा सहभागी हुने अवसर हुने निश्चित भएमा आन्तरिक परीक्षा पनि सोही आधारमा निश्चित हुन्थ्यो जसका कारणले विद्यार्थीहरूलाई परीक्षाको चिन्ता हुँदैनथ्यो भन्ने कुरा स्पष्ट देखियो। विद्यार्थीहरूको फुर्सदको समयको मनोवृत्तिको वृद्धिले उनीहरूको चिन्ताको स्तर घटाउने हुनाले विश्वविद्यालय तथा क्याम्पसमा मनोरञ्जनको सन्दर्भ सुधार गरी, परीक्षाको चिन्तालाई सकारात्मक योगदान पुऱ्याउँछ (Yaserturk et .al 2021)। परीक्षाको चिन्ता कम गर्नका लागि पनि विश्वविद्यालयीय शिक्षामा परीक्षाको समय तालिका निर्धारण गरी सोही अनुरूपको कार्यतालिका बमोजिमका शैक्षिक तथा अतिरिक्त कार्यकालाप व्यवस्थापन गर्नु आवश्यक देखियो।

**प्रश्नपत्र**

मूल्याङ्कनीय प्रश्नहरू भाषा पाठ्यक्रमका समग्र पाठ्यवस्तुलाई समेट्ने गरी प्रतिनिधिपरक आधारमा छनोटपूर्ण हिसाबले निर्माण गरिनु पर्दछ। परीक्षाका लागि उद्देश्यपरक, वैधता, विश्वसनीयता, व्यापकता, विभेदरहित, व्यावहारिक, निश्चित आयतनयुक्त समान परीक्षण उद्देश्य र कठिनाइ स्तर, दोहोरो अर्थ नलाग्ने, स्पष्ट निर्देशन, सुराकरहित र जस्ता गुणले युक्त प्रश्नहरू निर्माण गर्नु पर्दछ (शर्मा पौडेल २०६०)।

निश्चित समयावधिभित्र निर्धारित उद्देश्य प्राप्तिको लेखा जोखा गर्न गरिने मूल्याङ्कनमा प्रश्न पत्रको महत्त्वपूर्ण भूमिका रहने हुनाले प्रश्नपत्रहरू त्रुटिरहित हुनु पर्दछ । प्रश्न अपेक्षित परिणामसँग दाँज्न सकिने हुनुका साथै परीक्षणीय वस्तुहरूको प्रतिनिधिपरक नमुना प्रस्तुत गर्ने प्रश्न निर्माण गर्नुपर्ने हुन्छ । विशेष गरी प्रश्नले शिक्षण सिकाइलाई सुधार गर्नुका साथै विषयवस्तुलाई रचनात्मक तथा आलोचनात्मक दृष्टिले हेर्ने हुनुपर्दछ ।

बाह्य नतिजामा आन्तरिक मूल्याङ्कनको सान्दर्भिकता अध्ययनका क्रममा प्रश्नपत्रका सम्बन्धमा सहभागी विद्यार्थीहरूको धारणामा कठिनाइस्तर र विशिष्टीकरण तालिकाको उपयोग सम्बन्धमा चिन्ता अभिव्यक्त गरेको पाइयो । बाह्य परीक्षामा उपयोग गरिने प्रश्नपत्रमा समेत पाठ्यक्रम अनुसारका प्रश्न र तिनको अङ्कभारमा त्रुटि देखिनु र आन्तरिक परीक्षामा पनि सोही किसिमका त्रुटिहरू दोहोरिन सक्ने हुनाले पाठ्यक्रम निर्देशित विशिष्टीकरण तालिकाका आधारमा प्रश्नहरू गरिनु पर्ने देखिन्छ । आन्तरिक परीक्षामा उपयोग गरिने प्रश्नहरू पनि बाह्य परीक्षाकै समकक्षतामा वैध, विश्वसनीय हुनुका साथै मापदण्ड अनुरूप हुनुपर्ने आशय अभिव्यक्त भएको पाइयो । प्रश्नपत्रले विद्यार्थीमा निहित, ज्ञान सिप र अभिवृत्तिलाई मापन गर्न सक्नु पर्दछ । प्रश्नहरूको उचित प्रयोगले बाह्य परीक्षामा समेत प्रश्नको प्रकृति अनुरूप उत्तर दिन सजिलो हुने हुनाले पनि विशिष्टीकरण तालिकाले निर्धारण गरेको मापदण्ड अनुसारका प्रश्नहरू निर्माण गरी उपयोग गरिनुपर्दछ । प्रश्नहरूलाई व्यवस्थित गर्ने सम्बन्धमा निर्धारित मार्गनिर्देशनहरूले पुनरुत्पादनमा भन्दा प्रश्नको व्यवस्थापनतर्फ ध्यान दिनुपर्ने कुरामा जोड दिइरहँदा समान प्रश्नहरूलाई समूहकृत गर्ने, रचनात्मक प्रश्न निर्माण गर्ने, सरलदेखि जटिलको क्रममा मिलाउने, विशिष्टीकरण तालिकालाई पूर्ण रूपमा अवलम्बन गर्ने गरी व्यवस्थापन गर्नु पर्ने कुरामा जोड दिइएको पाइयो ।

**प्राप्ताङ्कको सान्दर्भिकता**

प्राप्ताङ्कले विद्यार्थीद्वारा अभिव्यक्त गरिएका प्रतिक्रिया स्वरूप प्राप्त गर्ने मानाङ्क वा अङ्कलाई बुझाउँछ । A test score is a Summary of the evidence Contained in a examinee's responses to the items of a test that are related to the construct or constructs being measured (Thissen and wamer, 2001 )प्राप्ताङ्क भनेको परीक्षणका वस्तुहरूका लागि परीक्षार्थीहरूको प्रतिक्रियाहरूमा समावेश प्रामाणिकताको सारांश हो जसले रचनात्मकतालाई मापन गर्दछ (Thissen and wainer)। मूल्याङ्कनका क्रममा विद्यार्थीहरूमा उपयोग गरिने प्रश्न या परीक्षणीय वस्तुप्रतिको

प्रतिक्रियाले सिकारुमा रहेको ज्ञान, सिप र अभिवृत्तिको अभिव्यक्तिलाई समावेश गरिएको हुन्छ। धेरै ठुला ठुला मूल्याङ्कन कार्यक्रमहरूले शैक्षिक प्रणालीमा जवाफदेहितालाई पनि महत्त्व दिनुपर्ने हुनाले यस्ता आवश्यकता पुरा गर्न समेत अङ्कन प्रणाली महत्त्वपूर्ण मानिन्छ। त्रिभुवन विश्वविद्यालय अन्तर्गत सेमेष्टर प्रणालीमा अक्षराङ्कन प्रणालीबाट प्राप्ताङ्कलाई प्रस्तुत गरिए पनि वार्षिक प्रणालीमा भने अङ्क प्रणाली नै विद्यमान देखिन्छ। यसले परीक्षार्थीहरूको स्तरको सूचकको पनि कार्य गरेको हुन्छ। विद्यार्थी परीक्षामा सामेल भइरहँदा आन्तरिक परीक्षा र बाह्य परीक्षामा प्राप्त अङ्कको बीचमा समानता हुने भएकाले पनि अन्तरिक परीक्षामा प्राप्त परीक्षाका माध्यमबाट बाह्य परीक्षामा प्राप्त गर्न सकिने प्राप्ताङ्कको अनुमान गर्न सकिने र त्यसबाट आफ्नो उपलब्धि स्तरमा वृद्धि गर्न सकिने कुरामा सहभागी विद्यार्थीहरू विश्वस्त रहेको देखियो । कक्षाकोठामा नै निर्माण गरिएका परीक्षणीय वस्तुहरूबाट विद्यार्थीहरूको उत्तर लेखनको शैली विकास हुन्छ । त्यसको स्तर अनुरूपको अङ्कन प्रणाली निश्चित हुने भएकाले विश्वसनीयता र वैधतामा आधारित रही मापन गर्नु आवश्यक देखियो । अधिकतम विद्यार्थीहरूलाई आन्तरिक परीक्षामा सहभागी गराइ उपलब्धि स्तर बढाउन सकिने कुरामा सहभागीहरूको सहमती देखियो ।

परीक्षामा सोधिने भिन्न भिन्न किसिमका प्रश्नहरूका आधारमा विद्यार्थीहरूले प्राप्त गरेका सिकाइ उपलब्धिको लेखाजोखा गर्न परीक्षा लिइने हुनाले विद्यार्थीहरूमा विद्यमान गुण क्षमता, योग्यता आदिकों परीक्षण गर्नुपर्ने हुन्छ। यस्ता अभौतिक मानवीय गुणलाई प्रदर्शन गर्न अङ्क प्रदान गर्नुपर्ने हुन्छ। सहभागी विद्यार्थीहरूले आन्तरिक परीक्षामा उत्तरपुस्तिका परीक्षण गरी अङ्क प्रदान गर्दा पूर्व तयारी गरिएको उत्तरकुञ्जिकामा आधारित रही निष्पक्ष रुपमा परीक्षण गर्नु पर्ने र आन्तरिक परीक्षाका उत्तरपुस्तिकामा अधिकतम अङ्क नभइ न्युनतम अङ्क प्रदान गरिएको खण्डमा बाह्य परीक्षामा गर्ने मेहनतको अनुपात बढाइने र अध्ययनलाई गहन बनाइने हुँदा यस्ता पक्षलाई पनि आन्तरिक परीक्षामा महत्त्व दिनुपर्ने कुरालाई जोड दिएकों पाइयो ।

**विद्यार्थीको तयारी र संवदेनशीलता**

परीक्षाका क्रममा विद्यार्थीमा देखिने संवेदनशीलताले परीक्षालाई प्रभावित पार्न सक्दछ। Preparing the Students for the test goes hand in hand with preparing the test for the students. Though each can be accomplished Separately, the reglect of either certainly will result to last effort and less valid measure of achievement (Ebel and Frisble, 1991)।

संज्ञानात्मक सक्रियता शिक्षण गुणस्तरको आयाममध्ये एउटा हो जसमा शिक्षण  अभ्यासहरू समावेश हुन्छन् । तिनले विद्यार्थीहरूको बोधलाई चुनौती दिँदै विवादयुक्त विचारको सामना गर्न सक्दछन्  (Practorius, et.al, 2018)। परीक्षाका सन्दर्भमा निर्देशात्मक संवदेनशीलताको मूल्याङ्कन एकल वस्तुमा केन्द्रित हुने हुनाले अङ्क र शिक्षण विशेषताहरूमा विद्यार्थी उपलब्धिका लागि संवेदनशील बन्दछन् । यस अध्ययनमा सहभागी विद्यार्थीको अभिमतलाई हेर्दा आन्तरिक परीक्षाका लागि तयार हुँदा विद्यार्थीहरू अझ बढी  अध्ययनप्रति संवेदनशील हुने गरेको देखियो ।

**पृष्ठपोषण र पुनर्बल**

पृष्ठपोषण सिकाइ उपलब्धिमा प्रभाव पार्ने महत्त्वपूर्ण प्रभावक हो । यो सकारात्मक नकारात्मक हुन सक्छ (Hattic and Timperlay, सन्२००७)। पृष्ठपोषणको महत्त्वलाई सिक्ने र सिकाउने सन्दर्भमा व्यवस्थित रूपले अध्ययन र अनुसन्धान गरिएको पाइन्छ । पृष्ठपोषण फरक फरक माध्यमबाट दिन सकिन्छ । विशेष गरी निर्माणात्मक मूल्याङ्कनमा पृष्ठपोषणलाई बढी उपयोग गरिन्छ । शैक्षिक योजना कार्यान्वयनको सिलसिलामा निरन्तर रूपमा गरिने निर्माणात्मक, सुधारात्मक वा रचनात्मक मूल्याङ्कनले विद्यार्थीका कमीकमजोरी पत्ता लगाई त्यसको निराकरण वा सुधार गर्न पृष्ठपोषणले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । बाह्य नतिजामा आन्तरिक मूल्याङ्कनको सान्दर्भिकता सम्बन्धमा गरिएको अध्ययनमा नमुनाका रूपमा सहभागी विद्यार्थीहरूले आन्तरिक परीक्षा पश्चात् कक्षा कोठामा प्राप्त गरेको पृष्ठपोषणले बाह्य परीक्षा र त्यसको उपलब्धिमा प्रभाव पार्ने पक्षलाई उल्लेख गरेका छन् । सहभागीहरूले आन्तरिक परीक्षा सञ्चालन पश्चात तत्काल पृष्ठपोषण दिई आफ्ना कमीकमजोरीहरू औँल्याइदिएमा आफूहरूले गरेका त्रुटिहरूको निराकरण गर्न मद्दत पुग्ने  र त्यसकै कारण अन्य नतिजाप्रति संवेदनशील हुने कुरा पाइयो ।

आन्तरिक परीक्षामा विद्यार्थीहरूलाई नतिजाका आधारमा प्रदान गरिने पृष्ठपोषण र पुरस्कारले सकारात्मक र नकारात्मक दुवै किसिमका पुनर्बल प्रदान गर्ने हुँदा सिकाइलाई उपलब्धिपूर्ण गराइ  शिक्षणलाई नतिजामुखी तुल्याउनका लागि, आन्तरिक परीक्षाको लगत्तै विद्यार्थीहरूलाई पृष्ठपोषण प्रदान गर्नु पर्ने सहभागीहरूको आशय पाइयो भने परीक्षामा सहभागी नहुने विद्यार्थीहरूलाई समेत सहभागिताका लागि उत्प्रेरित गर्ने योजना क्याम्पसले अवलम्बन गर्नु पर्ने देखियो । त्यसका लागि विद्यार्थीहरूका सकारात्मक र नकारात्मक पुनर्बल जनाउन सक्ने गरी सकारात्मक पुनर्बलका लागि पुरस्कार, सुविधा, छात्रवृत्ति आदिको व्यवस्थापन गर्नुपर्ने देखिन्छ भने नकारात्मक पुनर्बलका रूपमा पुनः परीक्षा सञ्चालन गर्नु पर्ने देखिन्छ ।

# एकाइ पाँच

# सारांश तथा निष्कर्ष

## सारांश

प्रस्तुत अध्ययन उच्च शिक्षाका विद्यार्थीहरूको बाह्य नतिजा सुधारमा केन्द्रित रहेको छ। यस अध्ययनलाई पाँच वटा एकाइमा विभाजन गरिएको छ।

पहिलो एकाइमा अध्ययनको परिचय, समस्या निर्धारण, उद्देश्य चयन, अनुसन्धान प्रश्न, सैद्धान्तिक पुनरालोकन, पूर्व साहित्यको पुनरावलोकन, अध्ययनको उपयोगिता, सीमाङ्कन र एकाइ विभाजनमा केन्द्रित छ। एकाइ दुईमा अध्ययन विधि अन्तर्गत अध्ययन ढाँचा, अवधारणात्मक ढाँचा, जनसङ्ख्या र नमुना छनोट, सामग्री स्रोत उपकरण निर्माण, तथ्य सङ्कलन, व्याख्या विश्लेषण आदि उल्लेख गरिएको छ।

एकाइ तीनमा यज्ञोदय दुधनाथ थारु बहुमुखी क्याम्पसमा आन्तरिक परीक्षाका लागि गरिएको व्यवस्था आन्तरिक परीक्षाका आधारका लागि गरिएको व्यवस्था र आन्तरिक परीक्षामा विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्कलाई प्रस्तुत गरिएको छ । एकाइचारमा आन्तरिक मूल्याङ्कनको सान्दर्भिकता पहिचान गर्न विद्यार्थीहरूसँग गरिएका अन्तर्वार्ता, लक्षित समूह छलफलका क्रममा आएका कुरालाई सैद्धान्तिकीकरण गरी आन्तरिक मूल्याङ्कनको सान्दर्भिकता पहिचानका लागि आन्तरिक मूल्याङ्कन, परीक्षा सञ्चालन या परीक्षा प्रशाासन, परीक्षा तालिका र आवधिकता, प्रश्नपत्र, प्राप्ताङ्कको सान्दर्भिकता, विद्यार्थीको तयारी र संवेदनशीलता, पृष्ठपोषण र पुनर्बललाई प्रस्तुत गरिएको छ। एकाइ पाँचमा सारांश र निष्कर्ष, नीतिगत उपयोगिता र भावी अनुसन्धानका क्षेत्र प्रस्तुत गरिएको छ।

## निष्कर्ष

आन्तरिक मूल्याङ्कन सिकारुहरूको बोध क्षमताको मूल्याङ्कन गर्ने एउटा प्रकिया हो। आन्तरिक परीक्षामा विद्यार्थीहरूद्वारा प्रदर्शित सिपलाई आधार मान्दै शिक्षण विधिमा परिवर्तन गर्नुका साथै पाठयक्रममा देखिएका कमी कमजोरीहरूलाई सुधार गर्ने अवसर प्राप्त हुन्छ। परीक्षा सञ्चालन योजना अनुसार हुने भए पनि आन्तरिक परीक्षा सञ्चालन वा परीक्षा प्रशासन सम्बन्धी पक्ष महत्त्वपूर्ण देखिने कारणले परीक्षा प्रशासनले

परीक्षा सञ्चालन गर्दा आआफ्ना तोकिएका जिम्मेवारी पूरा गर्न सकेमा परीक्षा, चुस्त दुरुस्त हुनुका साथै विद्यार्थीहरूमा दुविधा कम हुन गई परीक्षाका  माध्यमबाट पुनर्बल प्राप्त हुने गरेको देखिन्छ ।

परीक्षाको समय तालिकाले मूल्याङ्कनका क्रममा महत्त्वपूर्ण अर्थ राख्ने हुँदा आन्तरिक परीक्षाको समय व्यवस्थापन गरी शैक्षिक सत्रको प्रारम्भको निश्चित समयमा परीक्षा सञ्चालन गर्नु पर्नेमा जोड दिइएको देखिन्छ । आन्तरिक मूल्याङ्कनका क्रममा उपयोग गरिने प्रश्नपत्रको पुनरुत्पादन भन्दा व्यवस्थापन सहित रचनात्मकता तथा विशिष्टीकरण तालिकालाई अक्षरशः पालना गर्नु पर्ने देखिन्छ । आन्तरिक परीक्षाको प्राप्ताङ्कले बाह्य परीक्षाको  प्राप्ताङ्कलाई  अनुमान गर्न सकिने हुँदा  शैक्षिक प्रणालीप्रतिको जवाफदेहिता, विश्वसनीयता र वैधतालाई ध्यानमा राखी विद्यार्थीहरूमा विद्यमानका सिपलाई मध्यनजर गर्नु पर्ने देखिन्छ ।

मूल्याङ्कनका क्रममा विद्यार्थी संवेदनशील हुनुका साथै तयार समेत हुनु पर्ने हुनाले सम्भावित उपलब्धितर्फ संवेदशील तथा मानसिक रूपमा परीक्षाका लागि तयार गराउनु पर्ने देखिन्छ । आन्तरिक परीक्षाका माध्यमबाट विद्यार्थीहरूलाई सकारात्मक र नकारात्मक  दुवै किसिमका पुनर्बल प्रदान गर्न सकिन्छ । सकारात्मक पुनर्बल स्वरूप पुरस्कार, छात्रवृत्ति, सुविधा आदिको व्यवस्थापन गर्न सकिन्छ । नकारात्मक पुनर्बल स्वरुप पुनःपरीक्षा सञ्चालन गर्न सकिन्छ परीक्षाको मर्मअनुरूप समग्रमा आन्तरिक परीक्षालाई सही ढङ्गले सञ्चालन गर्न सकेमा विद्यार्थीहरूको नतिजामा सुधार हुन सक्ने देखिन्छ ।

### नीतिगत उपयोगिता

आन्तरिक मूल्याङ्कनबाट बाह्य नतिजामा सुधार गर्नका लागि आन्तरिक परीक्षाको महत्त्वपूर्ण भूमिका रहन्छ । विश्वविद्यालय शिक्षाको परीक्षा प्रणालीमा सेमेष्टर प्रणालीअन्तर्गत आन्तरिक मूल्याङ्कनको व्यवस्था गरिएको छ । वार्षिक प्रणालीका कार्यक्रममा आन्तरिक मूल्याङ्कनको व्यवस्था गरिएको छैन । तथापि समुदायस्तरमा सञ्चालित केही सामुदायिक क्याम्पसहरूमा आआफ्नै  किसिमको आन्तरिक परीक्षा सञ्चालन कार्यविधि निर्माण गरी आन्तरिक परीक्षा सञ्चालन गर्दै आएका देखिन्छन् । यस अध्ययनको आधारमा हेर्दा सबै उच्च शिक्षामा अध्ययनरत विद्यार्थीहरूको उपलब्धि अभिवृद्धि गर्नका लागि विश्वविद्यालयले नै वार्षिक प्रणालीमा समेत आन्तरिक मूल्याङ्कनको व्यवस्था गर्नु पर्ने देखिन्छ । विभिन्न प्रयोगात्मक कार्य, तालिम, कार्यशाला गोष्ठी, सञ्चालन गरी पाठ्यक्रममा समेत परिमार्जन तथा सही ढङ्गले मूल्याङ्कन गर्ने परिपाटी निर्माण गर्न जरूरी देखिन्छ ।

**भावी अनुसन्धानका क्षेत्र**

यस अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा निम्न विषय क्षेत्रसँग सम्बन्धित रही अनुसन्धान गर्न सकिन्छः

क. वार्षिक तथा सेमेष्टर प्रणालीका मूल्याङ्कनको तुलना

ख.बाह्य परीक्षामा आन्तरिक मूल्याङ्कनको प्रभावकारिता

ग.सामुदायिक क्याम्पसको शैक्षिक उपलब्धिको अवस्था

**सन्दर्भग्रन्थ सूची**


अधिकारी, हेमाङ्गराज (२०५९), *नेपाली भाषा शिक्षण,* विद्यार्थी पुस्तक भण्डार ।

आन्तरकि परीक्षा सञ्चालन निर्देशिका (२०७७), यज्ञोदय दुधनाथ थारु बहुमुखी क्याम्पस ।

खनाल, पेशल र अधिकारी, नारायणप्रसाद (२०६८),. *पाठ्यक्रम र मूल्याङ्कन,* सम्पा.लेखनाथ पौडेल, सनलाइट पब्लिकेसन, कीर्तिपुर ।

खनाल, राजेन्द्र (२०१९ ), आन्तरिक मूल्याङ्कनको प्रभावकारिता सम्बन्धी विद्यार्थी दृष्टिकोणको सेमेस्टरगत तुलना, *त्रिभुवन युनिभर्सिटी जर्नल ,३३* (२),१५४ ।

खनाल, राजेन्द्र ( २०२१ ), आन्तरिक मूल्याङ्कनमा परीक्षणका प्रमुख गुणप्रति सरोकारवालाको दृष्टिकोण ,*पाठ्यक्रम विकास पत्रिका ,* २४९ -२६१ ।

न्यौपाने, नेत्रप्रसाद र तिमल्सेना, शिवप्रसाद (२०७६), *अनुसन्धान विधि,* पिनाकल पब्लिकेसन ।

पाठ्यक्रम विकास केन्द्र (२०७६), *माध्यमिक शिक्षा पाठ्यक्रम, २०७६,* स्वयम् ।

पौडेल, सुरज (२०१९), नेपाली भाषाशिक्षकको निरन्तर विद्यार्थी मूल्याङ्कनप्रतिको धारणा '*पृथ्वी जर्नल अफ रिसर्च एन्डइनोभेसन '* (१), प.पृ.९६-१०५ ।

भट्टराई, रामप्रसाद (२०६८), *भाषिक अनुसन्धान विधि परिचय र प्रयोग,* शुभकामना प्रकाशन प्रा.लि.।

भण्डारी, पारसमणि र अन्य (२०६८), *नेपाली भाषा शिक्षण,* पिनाकल पब्लिकेसन ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६०), *नेपाली भाषा र साहित्य -शिक्षण,* न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

Bazargan A.(2000). Internal evaluation as an approach to revitalize university systems: The case of the islamic republic of Iran. *Higher Education Policy* 13,173–180 (2000*). https: //doi.org/ 10.1016/S0952– 8733(99)00024–0.*

Dylan William (2011). What is assessment for learning. *Studies in Educational Evaluation*. vol.37(1), 3–10.

Ebel R.L.and Forisble D.A. (1991). *Essentianls of educational paese measurement.* Prentice. Hall of India.24.

Florez M.T. and Sanavons  P.(2013). Assessment for learning: Effects and impact. *ERIC.*

Hattie J. and Timperley H. (2007). The power of feedback. *Review of Educational Research*. 77( 1), 81-112.

Heitink M.c., Vander kleij F.M., Veldkamp B.P., Schildkamp K. and Kippers W.B.(2016).  A systematic review of for prerequistes  for implementing assegsment for  learning in classroom practice.  *Educational Research Review*. vol.17, 50– 62.

Hussain S., Muhsin z.f., Salal Y.k., Theodorou P., KURTOGLU F., Hazarika G.C (2019). Prediction model on internal student performance based on assessment using deep learning. *International journal of Emerging Technologies Learning.* vol.14( 8), 4-22.

Luitel Sarala (2022). Classroom assessment practice of higher education: A case of Tribhuvan University. *Interdisciplinary Research in Education*.Vol.7(1), 49-58.

Maddalena Taras (2002). Using assessment for learning and learning from

assessment. *Asessment.*

Mccallin R.C.(2015). *Handbook of test development*. 2nd edition. Routledge.P18. eBook ISBN 9780203102961.

Praetorius,A.K., Klieme.E, Herbert. B., Pinger P.,Timperely H.and Earl L. (2018). Generic dimensions of teaching quality the german framework of three basic dimensions. *ZDM Mathematics Educatio*. 50(3),407-426.

Skinner B.F.(1958). Reinforcement today. *American psychologist*. 13 (3), 94-99.

Thissen D. and walner H. (2001). *Test scoring*. Lawrence eribaum associates.

Yasarturk F., Akay B.and Ayhan B.(2021). The relationship between leisure management and exam anxiety levels of university students.

Zoellner J.k., khodyreva E. and Kalimullin A.M.(2016). Development of internal system of education quality assessment at a University. *International Journal of Environmental and Science Education*. 11 (13), 6002–60013.

**प्रश्नावली**

**आन्तरिक मूल्याङ्कन सम्बन्धी विद्यार्थीका धारणा**

१.आन्तरिक परीक्षा लिने गरेको समय उपयुक्त छ ?

उत्तर..................................................

२.आन्तरिक परीक्षामा सोधिने प्रश्नहरू सान्दर्भिक छन्  जस्तो लाग्छ ?

उत्तर...........................................................................

३.प्रश्नको कठिनाइ स्तर बाह्य परीक्षासँग मेल खाने छ ?

उत्तर.............................................................................

४.आन्तरिक परीक्षा तपाईंका लागि कति महत्त्वपूर्ण छ ?

उत्तर...........................................................................

५.बाह्य परीक्षाको र आन्तरिक परीक्षामा प्राप्त प्राप्ताङ्क मिल्दोजुल्दो छ ?

उत्तर...............................................................................

६.आन्तरिक परीक्षा सञ्चालनको तरिका उपयुक्त छ ?

उत्तर..................................................................

७. तपाईंका विचारमा आन्तरिक परीक्षाले बाह्य परीक्षालाई सजिलो बनाएको छ ?

उत्तर.......................................................................................

**अन्तर्वार्ता तथा लक्षित समूह छलफल तालिका**

| कार्य | मिति | स्थान |
|---|---|---|
| व्यक्तिगत अन्तर्वार्ता सहभागी 'क' | २०८०/०३/४ | नेपाली भाषा विभाग कक्ष |
| व्यक्तिगत अन्तर्वार्ता सहभागी 'ख' | २०८०/०३/१२ | नेपाली भाषा विभाग कक्ष |
| व्यक्तिगत अन्तर्वार्ता सहभागी 'ग' | २०८०/०३/१३ | नेपाली भाषा विभाग कक्ष |
| व्यक्तिगत अन्तर्वार्ता सहभागी 'घ' | २०८०/०३/१३ | पुस्तकालय |
| लक्षित समूह छलफल 'क' | २०८०/०४/४ | पुस्तकालय |
| लक्षित समूह छलफल 'ख' | २०८०/०४/७ | प्राध्यापक कक्ष |
| लक्षित समूह छलफल 'ग' | २०८०/०४/७ | प्राध्यापक कक्ष |
| लक्षित समूह छलफल 'घ' | २०८०/०४/९ | स्नातकोत्तर कक्षा |
| लक्षित समूह छलफल 'ङ' | २०८०/०४/११ | पुस्तकालय |